
# लेखापरीक्षण प्रतिवेदन

## खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/496

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
खानीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
साल्भेचाकल ,काभ्रेपलाञ्चोक।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. खानीखोला गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. ४ करोड ६९ लाख ८५ हजार सुत्रमा समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब २ करोड ७६ लाख ३६ हजारको लेखापरीक्षण गरिएकोमा रू.४ करोड ६१ लाख ५० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बेरुजु असुल गर्नुपर्ने रू.५ लाख १३ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ८८ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६८ लाख १० हजार रहेको छ। गत वर्षसम्म रु.११ करोड १० लाख ९१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १५ करोड ७२ लाख ४१ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने खानीखोला गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**
यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी खानीखोला गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**
वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६२ | २७ | ४,६१,५०,२९२ | ० | ० | ० | ० | ६२ | २७ | ४,६१,५०,२९२ | ५,१३,३३९ | १,६८,१०,४५० | २,८८,२६,५०३ | ० | ० | ४,५६,३६,९५२ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक | ११,१०,९१,००० | ० | ० | १११०९१००० | ० | ४,६१,५०,२९२ | १५७२४१२९२ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|

**नोट: गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।**

लेखापरीक्षण बक्यौताको विवरण

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|

## (८०३२६५०१३०० - खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल १३२ वर्ग किलोमिटर तथा १४,३९८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।९।१२ देखि २०८१ ।९।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** गाउँपालिकाको आय — व्ययतर्फ रु.१,०२,७६,३६,२३२।८४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१५२५६।००असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | भौचर न ७४३३३८५९ मिति २०८१।०९।१६ बाट पारिश्रमिक कर वापतको नपुग रकम राष्ट्रिय वाणिज्य बैंकमा राजस्व शिर्षक १५१११ दाखिला | १२०० |
| २ | भौचर न ७४३२२८३२३ मिति २०८१।०९।१६ बहाल कर वापतको रकम राष्ट्रिय वाणिज्य बैंकमा राजस्व शिर्षक १५१११ दाखिला | १७०० |
| ३ | भौचर न ७४३२६१७ मिति २०८१।०९।१६ बाट पारिश्रमिक कर वापतको नपुग रकमराष्ट्रिय वाणिज्य बैंकमा राजस्व शिर्षक १५१११ दाखिला | ३७२० |
| ४ | भौचर न ७४३३११४६ मिति २०८१।०९।१६ बाट पारिश्रमिक कर वापतको नपुग रकमराष्ट्रिय वाणिज्य बैंकमा राजस्व शिर्षक १५१११ दाखिला | ५०३६ |
| ५ | भौचर न ७४३२४०३० मिति २०८१।०९।१६ बाट पारिश्रमिक कर वापतको नपुग रकम राष्ट्रिय वाणिज्य बैंकमा राजस्व शिर्षक १५१११ दाखिला | ३६०० |
| | जम्मा | १५२५६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

२.१ **एकीकृत आयव्यय-** पालिकाको आर्थिक बर्ष २०८०।८१ को एकीकृत आय व्यय निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | **४४७२७२६०.१९** | १ | **चालु खर्च** | **२४७२४०८५२.१६** |
| | क) स्थानिय संचितकोष अल्या | ४४४९०९९९.१९ | २ | **पूँजीगत खर्च** | **२०६४५१३७५.०४** |
| | ख) धरौटी अल्या | २३६२६१ | ३ | **विषयगत निकाय खर्च (CGAS)** | **४६९८५७०१** |
| २ | **राजस्व ( आन्तरिक आय)** | **८९४८३०१८.३९** | | सामाजिक सुरक्षा तथा संरक्षण | ४६९८५७०१ |
| | क) आन्तरिक राजस्व | १२६७९१६.३९ | ५ | **अनुदान फिर्ता खर्च** | **३२५८८६५५.२५** |
| | ख)संघिय राजस्व बाँडफाँड | ७३६९३५०० | | क) संघीय अनुदान | २,३१,९९,१८४.२५ |
| | ग) प्रदेश राजस्व बाँडफाँड | १४५२१६०२ | | ख) प्रदेश अनुदान | ९३,८९,४७१.०० |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | **२५८९१८०००** | ६ | **विविध खर्च खाता** | **१७६३९८९** |
| | क) वित्तिय समानीकरण अनुदान | ७३३००००० | ७ | **धरौटी फिर्ता** | **१०००४७६** |
| | ख) सशर्त अनुदान | १६६११८००० | ८ | **मौज्दात** | **३०१३९६.१३** |
| | ग) समपूरक अनुदान | ८०००००० | | क) स्थानिय संचित कोष | ६५१३५.१३ |
| | घ) विशेष अनुदान | ११५००००० | | ख) धरौटी | २३६२६१ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **९३४५४०००** | | | |
| | क) वित्तिय समानीकरण अनुदान | ६५६४००० | | | |
| | ख) सशर्त अनुदान | ५६८९०००० | | | |
| | ग) समपुरक अनुदान | २००००००० | | | |
| | घ) विशेष अनुदान | १००००००० | | | |
| ५ | **विषयगत निकायबाट प्राप्त** | **४६९८५७०१** | | | |
| | क) सामाजिक सुरक्षा तथा संरक्षण | ४६९८५७०१ | | | |
| ६ | **विविध खर्च खाता** | **१७६३९८९** | | | |
| ७ | **धरौटी आय** | **१०००४७६** | | | |
| | **जम्मा** | **५३६३३२४४४.५८** | | **जम्मा** | **५३६३३२४४४.५८** |

२.२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७० ०१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | | ९,५१,३१,१९८.८३ | ० | ९,५१,३१,१९८.८३ | (४३,३८,६०५.८७) |
| १३००० | अनुदान | | ३४,९५,१६,०००.०० | ० | ३४,९५,१६,०००.०० | ३३,९४,६०,०००.०० |
| १४००० | अन्य राजस्व | | १०,७१,६६७.६४ | ० | १०,७१,६६७.६४ | १२,३०,०००.०० |
| क | कुल जम्मा प्राप्ति | | ४४,५७,१८,८६६.४७ | | ४४,५७,१८,८६६.४७ | ३३,६३,५१,३९४.१३ |
| ३ | चालु | | २७,९८,२९,५०७.४१ | ० | २७,९८,२९,५०७.४१ | २७,२४,१४,६६७.०४ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२,३६,०२,८५९.७८ | ० | १२,३६,०२,८५९.७८ | ११,३२,७५,४६५.३२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ९,२१,८९,०९६.३९ | ० | ९,२१,८९,०९६.३९ | १४,२६,१२,७२७.७२ |
| २५००० | सहायता (Subsidy) | | २,०५,३४,२८९.९९ | ० | २,०५,३४,२८९.९९ | ६५,९७,३३६.०० |
| २६००० | अनुदान | | ४,८४,३५८.०० | ० | ४,८४,३५८.०० | ० |
| २७००० | सामाजिक सुरक्षा | | ७८,०९,०२१.०० | ० | ७८,०९,०२१.०० | ६९,५६,६६१.०० |
| २८००० | अन्य खर्च | | ३,५२,०९,८८२.२५ | ० | ३,५२,०९,८८२.२५ | २९,७२,४७७.०० |
| ४ | पूंजीगत | | २०,६४,५१,३७५.०४ | ० | २०,६४,५१,३७५.०४ | १३,०९,४४,३९२.६४ |
| ३१११० | भवन तथा संरचना | | ७३,९६,१९३.०० | ० | ७३,९६,१९३.०० | १,८३,९६,३११.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ९४,८५,३२१.०० | ० | ९४,८५,३२१.०० | १,६०,९४,१७८.४५ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ८,८५,२२९.०० | ० | ८,८५,२२९.०० | ६०,६५,२५९.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १८,७०,८१,७०३.०४ | ० | १८,७०,८१,७०३.०४ | ८,८७,१८,५२७.१९ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १४,०२,९२९.०० | ० | १४,०२,९२९.०० | १६,७०,११७.०० |
| ३१३१० | बहुमूल्य सामानहरु | | २,००,०००.०० | ० | २,००,०००.०० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ४८,६२,८०,८८२.४५ | | ४८,६२,८०,८८२.४५ | ४०,३३,५९,०५९.६८ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (४,०५,६२,०१५.९८) | | (४,०५,६२,०१५.९८) | (६,७०,०७,६६५.५५) |
| घ) | धरौटी, आकस्मिक | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | (९५,३०,१५१.०४) | | (९५,३०,१५१.०४) | (१४,२२,९२५.२०) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (४,०५,६२,०१५.९८) | | (४,०५,६२,०१५.९८) | (६,७०,०७,६६५.५५) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,६०,४३,९३१.१६ | | ३,६०,४३,९३१.१६ | १०,३०,५१,५९६.७१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | (४५,१८,०८४.८२) | | (४५,१८,०८४.८२) | ३,६०,४३,९३१.१६ |

२.३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४६९८५७०१.०० सुत्रमा लेखाङ्कन छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार एकीकृत वार्षिक प्रतिवेदन( म.ले.प.फा.न. २७०) मा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-०१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्ष को जिम्मेवारी रु ८६८३३२९.७४यस वर्षको प्राप्ति रु ४५८८६३१७.९२ ,यस वर्षको भुक्तानी रु ७९८१०९१७.०० बैंक मौज्दात रु ४२१६६८८।६९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०-०१ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| एकीकृत आयव्यय अनुसार | ४४७२७२६०।९० | ४९१६०५१८४।३९ | ५३६०३१०४८.४५ | ३०१३९६.१३ |
| सुत्र अनुसार | ३६०४३९३१.१६ | ४४५७१८८६६.४७ | ४८६२८०८८२.४५ | (४५१८०८४.८२) |
| फरक | ८६८३३२९.७४ | ४५८८६३१७.९२ | ४९७५०१६६.०० | ४२१६६८८।६९ |

२.५ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१०९९५०१३१.०० मौज्दात रहेकोमा यो वर्ष रु.४४७२७२६०.१९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६५२२२८७०।८१ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

२.६ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| सिनं | खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. |
|---|---|---|---|
| १ | स्थानीयतह सञ्चित कोष खाता | ५००७०६१.२२ | १३५६१.४२ |
| २ | आन्तरिकअनुदानखाता | ० | ० |
| ३ | चालु खर्च खाता | ९८०३६१।५३ | ३३००० |
| ४ | पुँजीगत खर्च खाता | ८५४९७८९.५१ | १६११५.४७ |
| ५ | विविध खर्च खाता | ० | ० |
| ६ | प्रकोप व्यवस्थापन खाता | ० | ० |
| ७ | स्थानीय विभाज्यकोष | ० | ० |
| ८ | कर्मचारी कल्याण कोष खाता | ० | ० |
| ९ | धरौटी | ० | ० |
| १० | ग१.१,आन्तरिक राजस्व खाता | ५००५ | २४५८.२४ |
| ११ | ग१.२,बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| | जम्मा | ४५१८०८४.८२ | ६५१३५.१३ |

- स्रेस्ता अनुसार ऋणात्मक मौज्दात देखिएकोमा बैंक स्टेटमेन्ट अनुसार रु ६५१३५।१३ देखिएको छ। मासिक रुपमा हिसाव मिलान गरी अध्यावधिक गर्नुपर्दछ ।

२.७ **धरौटीः** गत वर्षको मौज्दात २३६२६१।०० रहेको र यस वर्ष प्राप्त रु.१०००४७६।०० भइ कुल आम्दानी रु १२३६७३७।०० मध्ये फिर्ता रु १०००४७६।०० भइ मौज्दात बाकी रु २३६२६१।०० हुनुपर्नेमा स्रेस्ता र बैंक स्टेटमेन्ट दुबैमा मौज्दात शुन्य रहेको सम्बन्धमा एकिन गरी हिसाब पेश गर्नुपर्दछ।

२.८ चालुखाता,पूजीगत खाता र आन्तरिक राजश्व खातामा वर्षान्तमा बाँकी मौज्दात रकम समयमा नै स्थानीय संचितकोष खातामा ट्रान्सफर गर्नुपर्दछ।

२.९ **दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको दायित्व रु.९५३०१५१.०४ देखाएको छ । यकिन भई सकेको कर्मचारी सञ्चय कोषको कट्टि रकम, अग्रीम आयकर, मुल्य अभिवृद्धि कर तथा सामाजिक सुरक्षा कर लगायतका दायित्व यस वर्ष भुक्तानी भएको जनाएको । दायित्व वाँकी दाखिला भएको प्रमाण पेश नभएकोले सम्बन्धित शिर्षकमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९५,३०,१५१.०४ |

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ,

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाईएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,
- भ्रमण खर्च नियमावली २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता राखे पनि अध्यावधिक नगरेको र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रुपमा राखेपनि पूर्णरुपमा राखेको पाइएन ,
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार पाइएन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- वागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८ वमोजिम अनुसुची ५ को ढाँचामा कर्मचारीको कार्यविवरण तयार गरी लागु पाइएन,
- म.ले.प फारामहरुः कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गरेको पाइएन ,
- वडामा सिफारिस दस्तुरको चलानी रजिष्टर समेत भिडाई राजश्व दाखिला रकम एकिन गर्नुपर्नेमा चलानी रजिष्टर पेश भएन,
- प्रदेश आर्थिक ऐन २०८० को दफा ९ बमोजिम ढुङ्गा,चुनढुङ्गा, खरिढुङ्गा गिट्टि , ग्राभेल, रोडा , बालवा (स्वीकृत खानी क्षेत्र बाहेक) को प्रतिघनफिट रु.९ कादरले शुल्क पालिकाको आर्थिक ऐनमा समेत व्यवस्था गरी असुल गर्नुपर्नेमा उपभोक्ता समितिबाट निर्माण काममा प्रयोग भएको उक्त सामग्रीको मुल्याङकन भएको परिमाण बराबरको रकम असुल गरेको देखिएन। अत आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने र देखिएका कमजोरीहरु सूधार गर्नुपर्दछ।

४ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्य बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन

नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि समयभित्र उपलब्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.५९ करोड ०५ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

७ **लक्ष्य प्रगति :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाचा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्दछ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम /योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा बढी प्रगति |
| विभिन्न | १७४ | १६ | ० | ० | ० | १५८ |

पूर्वाधार तर्फ १७४ योजना छनौट भएकोमा १६ प्रकारका कार्यक्रम/आयोजना संचालन नआई १५८ वटा मात्र संचालनमा आएको देखियो । अतः लक्ष्य वमोजिम प्रगति हुनेगरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

८ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने

व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वडाको लागि वडागत १३७ र पालिकास्तरका ३७ गरी कुल १७४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.स | कार्यक्रमको नाम | योजना संख्या | रु.५ लाखभन्दा कम योजना संख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना संख्या | रु.२० लाख भन्दा माथिका योजना संख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३७ | ४ | २२ | ११ |
| २. | वडास्तरीय | १३७ | ९३ | ३५ | ९ |
| | जम्मा | १७४ | ९७ | ५७ | २० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर कमजोर हुन सक्ने अवस्था छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका १७४ योजना मध्ये १५८ योजना कार्यान्वयन भई १६ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | कुल खर्चको आधारमा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३०१९७००० | २३८४८७५१ | ४.९ |
| २ | पूर्वाधार विकास | १६६१४७००० | १२५२२४२३५.६ | २५.७५ |
| ३ | सामाजिक विकास | २५७६०२००० | २२६६९८५९१.९ | ४६.६२ |
| ४ | संस्थागत विकास,सेवाप्रवाह र सुशासन | ७१३२००० | ६२४८७२७ | १.२९ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १२९५१३७५७ | १०४२६०५७६.९ | २१.४४ |
| **जम्मा** | | ५९०५९१७५७ | ४८६२८०८८२.४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाहमा र सुशासनमा सबैभन्दा घटी १.२८ प्रतिशत रसामाजिक विकासमा सबै भन्दा बढी ४६.६२ प्रतिशत रहेको छ ।

१० **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २०६४५१३७५ | १,९०,२०,६९१ | १४,८४,४९० | ६,८४,५३,०१६ | ११,७४,९३,१७८ | ७,५७,९१,२७० |
| प्रतिशत | | ९.२१ | ०.७२ | ३३.१६ | ५६.९१ | ३६.७१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. २०६४५१३७५।०० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १,९०,२०,६९१।०० (९.२१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१,४४,८४,४९०।०० (०.७२प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ६,८४,५३,०१६।०० (३३.१६प्रतिशत) र चौथो त्रैमासिकमा रु.११,७४,९३,१७८।०० (५६.९१ प्रतिशत) खर्च गरेको देखिएको छ ।

यसरी नै आषाढ महिनामा मात्र रु. ७,५७,९१,२७०।०० (३६.७१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११ **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ बमोजिम वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस वर्ष रु.२०६४५१३७५ .०४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१२ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. १२६७९१६.३९ राजस्व बाँडफाँड र अनुदानबाट रु.४४०५८७१०२.००, विविध तथा धरौटी रु.२७६४४६५।०० तथा गत वर्षको जिम्मेवारी रु.४४७२७२६०।१९ समेत रु.४८९३४६७४३।५८ आम्दानी भएकोमा चालु तर्फ रु.२४७२४०८५२।१६ र पूँजिगत तर्फ रु. २०६४५१३७५.०४ समेत रु.४५३६९२२२७।२० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३० प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु.५९९७८२७.२५ खर्च भएको छ जुन आन्तरिक आय भन्दा ४७३.०५ प्रतिशतले बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७.५४ प्रतिशत चालु र ४२.४६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशाकीय अधिकृत सहित १४४ दरवन्दी रहेकोमा १०५ पदपूर्ती भई ३९ रिक्त र १२१ जना करारमा समेत कार्यरत देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।दरवन्दी सम्ब्धी विवरण देहायवमोजिम छन्।

| सि नं | दरवन्दी विवरण | संघिय मामिलाबाट स्वीकृत | स्वास्थ्य मन्त्रालयबाट स्विकृत | जि वि स | घरेलु | पालिकाबाट स्वीकृत | कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | दरबन्दी | ३३ | २५ | ० | ० | ७३ | १३ | १४४ |
| २ | पदपूर्ती | १० | ९ | ० | ० | ७३ | १३ | १०५ |
| ३ | रिक्त | २३ | १६ | ० | ० | ० | ० | ३९ |
| ४ | कार्यरत (करार समेत) | १० | २५ | ० | ० | ७३ | १३ | १२१ |
| ५ | दरवन्दी वेगर | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | स्थायी | १० | ९ | ० | ० | ० | ० | १९ |
| ७ | करार | ० | १६ | ० | ० | ७३ | १३ | १०२ |

पालिकाले ओ एण्ड एम सर्वेक्षण गरी गाँउसभाबाट दरबन्दी स्विकृत गरी प्रदेश निजामती कितावखानामा पदहरु दर्ता गरी रिक्त पदमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ती गर्नुपर्नेमा ओ एण्ड एम सर्वेक्षण गरी स्वीकृत गरेको देखिएन।पालिकाले करारमा कर्मचारी भर्ना गरी खर्च लेखेकोले दरवन्दी स्वीकृत गरी स्थायी पदपुर्ती गर्नुपर्दछ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । प्रदेश निजामती कितावखानामा पदहरु दर्ता गराई स्थायी रुपमा पदपूर्ती गर्नुपर्दछ।

१४ **कर्मचारी व्यवस्था**

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन ) ऐन २०७९ को दफा १६ बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कार्यका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नहुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने उल्लेख छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्ती गरी तलव भत्ता रु. १६४५४९१३।०० भुक्तानी गरेको पाइयो । सो सम्बन्धी विवरण देहायअनुसार छन्।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| सुचना प्रविधिक अधिकृत | १ | ५७७९५७ |
| कृषि | ७ | ३०६४०८२ |
| पशु प्राविधिक | ७ | ३०८७८४६ |
| अनमि / | १४ | ६१२८१६४ |
| अहेव | ३ | १३१३१७८ |
| हे अ | ४ | १८४५९६० |
| स. क. अपरेटर | १ | ४३७७२६ |
| जम्मा | | १६४५४९१३ |

अतः करारमा नियुक्त गर्न मिल्ने वाहेकका पदमा स्थायी कर्मचारी पदपुर्ती हुनुपर्दछ।

१५ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष कुल ८ विवाद दर्ता भएकोमा ७ वटा फर्स्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१६ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ३ वटा नियमावली, ३३ कार्यविधि, २ निर्देशिका र ७ मापदण्ड लगायत ६४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । राजपत्रमा प्रकासित उक्त कानूनहरु पुर्ण रुपमा कार्यान्वियनमा ल्याउनुपर्दछ ।

१७ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माण योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २१.०८ देखि ५६.३४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र. सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. २ को कार्यालय भवन निर्माण | KRM-W-B-01-080/081 | दिपक निर्माण सेवा | १,८१,११,४३४।१० | १,१२,८३,२०६।३२ | ३७.७ |
| २ | गाउँपालिका प्रशासनिक भवन निर्माण | KRM-W-B-02-080/081 | एल आइ के बम्जन जेभी | ११,०५,६५,१४९।१४ | ७,२८,१५,३५४।१५ | २१.०८ |
| ३ | पलान्चोक मुहान फलामेटार बृहत खानेपानी आयोजना | KRM-W-WS-02-080/081 | सिर्जना कन्स्ट्रक्सन | ८१,४५,१८२।६२ | ५८,००,३४९।०५ | २७.५६ |
| ४ | च्याल्टी कोठे दयागाउँ महादेवटार देउराली कुस्पा तालढुंगा सडक निर्माण | KRM-W-R-01-080/081 | फुयाल इन्फ्रा प्रा.लि. | १,५९,९४,२०२।८७ | ८४,५९,२६८।८३ | ४६ |
| ५ | रे बांगे धनमान सडकको ट्र्याक उद्घाटन र मर्मत सम्भार | KRM-W-R-02-080/081 | सर्व सिद्ध कन्स्ट्रक्सन प्रा.लि. | ९९,९३,०४९।०५ | ४२,७७,९२९।६५ | ५६.३४ |
| ६ | बसघारी जगथली सडकको ट्र्याक उद्घाटन तथा मर्मत सम्भार | KRM-W-R-03-080/081 | सर्व सिद्ध कन्स्ट्रक्सन प्रा.लि. | ९९,९५,३६३।३० | ४३,७८,८८२।८७ | ५५.३१ |
| ७ | सुकुम धाप्ले महङ्काल तालढुङ्गा सडकको ट्र्याक उद्घाटन र मर्मत सम्भार | KRM-W-R-04-080/081 | सर्व सिद्ध कन्स्ट्रक्सन प्रा.लि. | ९९,९६,८२६।६६ | ४३,६६,७४४।९६ | ५५.४४ |
| ८ | हात्तीछेडा खजुलिलेक बासपुर देउराली सडकको ट्र्याक उद्घाटन र मर्मतसम्भार | KRM-W-R-05-080/081 | सर्व सिद्ध कन्स्ट्रक्सन प्रा.लि. | ९९,९६,४७९।३९ | ४३,६७,२७२।५८ | ५५.४३ |

### १८ ठेक्का अभिलेखः

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, अधुरो योजनाको अवस्था, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

### १९ फोहरमैला व्यवस्थापनः

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

### २० सहकारी अनुगमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । ३५ मध्ये वटा ११

निस्कृय र २४ वटा सक्रिय रहेको बताएको छ । १० वटाले पासवर्ड लिए पनि COPOMIS बाट मासिक रुपमा ६ वटाले विवरण भरे पनि अन्यले विवरण भरेका छैनन् । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ। समस्याग्रस्त सहकारीको अनुगमन गरी हिनामिना भएको देखिए कारवाही प्रक्रिया अघि बढाउनु पर्छ।

२१ **रकमान्तर**

स्थानीय सरकार सञ्चानल ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा रकमान्तर गर्नुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी २८ वटा योजनामा घटाएर ८१ योजनमा बढाएर रु ६८९०२७५५।२५ रकमान्तर गरी हिउँदे गाँउसभाबाट स्वीकृत गराएको छ। यसरी कारण बेगर रकमान्तर गर्ने तथा आर्थिक वर्षको विचमा रकमान्तर गरी आर्थिक वर्षको अन्तमा खर्च गर्दा नागरीक अपेक्षा अनुसार काम नहुने र आर्थिक अनुसासन हिनता बढ्ने अवस्था देखियो।रकमान्तर गरी खर्च गर्नु भन्दा शुरुमा नै कार्यान्वयन हुने योजना छनौट गरी रकमान्तर नहुने परिपाटी बसाल्नुपर्छ ।

**(विस्तृत विवरण बेरूजु दफा २१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२२ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । साथै महालेखानियन्त्रक कार्यालयको आन्तरिक लेखापरीक्षण निर्देशिकामा त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने समेत उल्लेख छ।पालिकामा रहेको आन्तरिक लेखापरीक्षकले यस वर्ष लेखापरीक्षण गरेको छैन।छलफलको क्रममा पालिकामा कर्मचारी अभावले आन्तरिक लेखापरीक्षकलाई वडा सचिवको रुपमा काजमा खटाईएको जनाएको छ। आन्तरिक लेखापरीक्षकलाई अन्यत्र काम लगाउने र आन्तरिक लेखापरीक्षण नगराउनु उचित होईन।आन्तरिक लेखापरीक्षकलाई कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

२३ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेपनि सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरेको छैन । अतः जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको लिलाम गर्नुपर्ने, मर्मत गर्नुपर्ने आदि मालसामानको लिलाम र मर्मत गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२४ **जिन्सीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई प्रतिवेदनका आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२५ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५००००००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. १२६७९१६.३९ अर्थात २५.३६ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नुपर्दछ ।

२६ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १६५७५५।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२७ **सेवा प्रवाह**

पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट पेश गरे अनुसार प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ६०० |
| मृत्युदर्ता | १०५ |
| बसाईसराई दर्ता | १४७ |
| विवाह दर्ता | १५६ |
| सम्बन्धविच्छेद दर्ता | १३ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ५ कि.मी |
| ग्राभेल सडक मर्मत | १० कि.मी |

पालिकाबाट प्रदान हुने सेवा लिन आएको अवस्थामा बाहेक पनि जनचेतनामा वृद्धि एवं प्रचारप्रसार गरी पंजिकरण तर्फ घटना पश्चात अनिवार्य दर्ता गराउन जागरुक गराउनु पर्ने र पुर्वाधार विकास तर्फ वार्षिक बजेट र आवधिक योजनासँग तादाम्यता मिलाई लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ ।

२८ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी |
|---|---|---|---|
| १ | ११३१४ - भुमिकर/मालपोत | ५०००००. | १२२१४२.७५ |
| २ | ११३१७ - वहाल कर | ५०००००. | ६५६००. |
| ३ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | १०००००. | ०.०० |
| ४ | ११६२१ - व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ५०००००. | ०.०० |
| ५ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५००००. | १५००. |
| ६ | ११६९१ - अन्य कर | ०.०० | ७,०००.०० |
| ७ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ०.०० | १०००. |
| ८ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १९०००००. | ०.०० |
| ९ | १४२२१ - न्यायिक दस्तूर | ५००००. | २४००. |
| १० | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ०.०० | ५००.०० |
| ११ | १४२२४ - परीक्षा शुल्क | ५००००. | २९२००. |
| १२ | १४२२५ - यातायात क्षेत्रको आम्दानी | ०.०० | ४७१०३०. |
| १३ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | १४९०००. |
| १४ | १४२४३ - सिफारिश दस्तुर | ५०००००. | ३६०००. |
| १५ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ०.०० | १०४९५०. |
| १६ | १४२४५ - नाता प्रमाणित दस्तुर | ०.०० | १३००. |
| १७ | १४२४९ - अन्य दस्तुर | ०.०० | ६२०५. |
| १८ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | १६५७५५. |
| १९ | १४२६५ - अन्य क्षेत्रको आय | ०.०० | १३८५. |
| २० | १४५२९ - अन्य राजस्व | ५००००. | १०२९४२.६४ |
| २१ | १४६११ - व्यवसाय कर | ५०००००. | ०.०० |
| २२ | १५१११ - बेरूजू | ३०००००. | ०.०० |
| जम्मा | | ५००००००. | १२६७९१६.३९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२९ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यस वर्ष आन्तरिक आय रु १२६७९१६।३९ भएकोमा राख्नुपर्ने मलेप फारम नराखेको र प्राप्त हुनुपर्ने र प्राप्त राजश्वमा परिक्षण र भिडान गर्न आन्तरिक नियन्त्रण नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा एकिन हुन सकिएन। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च (संघ र प्रदेशबाट प्राप्त) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २५३५६२००० | १२६७९१६.३९ | ०.५० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.५० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नुपर्दछ ।

३० **आय ठेक्का नलगाएकोः**

बागमती नदी खानीखोला चाउ खोलाको ९ वटा क्षेत्रमा नदिजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवा रोडा ग्राभेल आदि दहत्तर बहत्तरको वातावरणीय परिक्षण प्रतिवेदन विगत वर्षमा गराएकोमा आय ठेक्का विगत वर्षदेखि सुचना आव्हान नभएको र अमानतबाट समेत संकलन तथा बिक्री गरेको देखिएन। वातावरणीय प्रतिवेदन लेखापरीक्षणको क्रममा माग गरेकोमा प्रतिवेदन उपलब्ध भएन। जसले गर्दा कुन कुन क्षेत्रको कति परिमाणमा ठेक्का लगाउनुपर्ने थियो न्युनतम अंक निर्धारण गर्न समेत सकिएन। लेखापरीक्षण तथा छलफलको क्रममा सो विषय उठान गर्दा यातायताको पहुँच नभएको बालुवा कमसल खालको भएको बिक्री अवस्था न्युन रहदा ठेक्काको सुचना आव्हान नगरेको जनाएको छ। उक्त खोला क्षेत्रमा निर्माण व्यवसायीले पुर्वाधार विकास कार्यालयको ठेक्का तथा पालिका अन्तर्गतका ठेक्का तथा उपभोक्ता समितिबाट निर्माण गराएकोमा सोको लागि आवश्यक पर्ने ढुङ्गा गिट्टी बालुवा रोडा ग्राभेल माटो आदि कुन स्थानबाट ल्याइ प्रयोग गरेको हो पालिकासंग अभिलेख देखिएन ।आफ्नो क्षेत्र भित्रको ढुङ्गा गिट्टी बालुवा रोडा ग्राभेल माटो आदि प्रयोग गरेको भए प्रदेश आर्थिक ऐनले तोकेको शुल्क असुल गर्नुपर्नेमा गरेको देखिएन।अतः पालिकाले IEE प्रतिवेदन भए सोहि बमोजिम र नभएमा सम्भाव्य क्षेत्रको पहिचान गरी IEE गरि दहत्तर बहत्तरको आय ठेक्का व्यवस्थापन गर्नुपर्ने र ठेक्का नलागेकोमा अमानतबाट संकलन तथा बिक्री गर्नुपर्दछ।

३१ **सडक मर्मत योजना**

च्याल्टि कोठे दयागाउ महादेवटार देउराली पुष्ष तालढुङ्गा सडक मर्मत ठेक्का न. KRM/W/04/079-80 को लागि ठेक्का लागत अनुमान रु ३८९४७१००।१९ रहेकोमा बोलपत्रको माध्यमबाट निर्माण व्यवसायी जे जे सुवर्णवति जे भि रोल्पासंग मिति २०८०।।३। १० मा कार्यसम्पन्न गर्ने गरी रु २९५९७८९१।५५ मिति २०७९।१०।२७ मा खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीलाइ रु ५२०००००।०० पेश्की दिएकोमा देखिएका व्यहोरा निम्नानुसार छन।

३१.१ **अधुरो योजनाः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(२) क बमोजिम निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा उपदफा ३ (ख) बमोजिम सो काम गर्न वा गराउन लाग्ने थप खर्च वापत निजले व्यहोर्नुपर्ने दायित्व यकिन गरी उपदफा ७ बमोजिम जुनसुकै बखत सम्झौता अन्त्य गरी उपलफा ८ बमोजिम जमानत जफत गरी थप लाग्ने दायित्व रकम सरकारी बाकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को निमय १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै निर्धारित अवधिको पेश्की जमानत, कार्यसम्पादन जमानत, बिमा तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ ।च्याल्टि कोठे दयागाउ महादेवटार देउराली कुष्मा तालढुङ्गा सडक मर्मत गर्न लागत अनुमान रु ३८९४७१००।१९ को बोलपत्र आब्हान गरेकोमा सबैभन्दा घटी कबोल गर्न निर्माण व्यवसायी जे जे सुवर्णवती जे भि रोल्पासंग कार्यसम्पन्न गर्ने गरी रु २९५९७८९१।५५ मा खरिद सम्झौता भई निर्माण व्यवसायीलाइ रु ५२०००००।०० पेश्की दिएकोमा निर्माण व्यवसायीले निर्माण सुरु गरेको देखिएन। निर्माण सामग्रीको अभाव, अविरल वर्षा, ढुवानी अवरोध भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को तेह्रौ संशोधन बमोजिम अवधि थप गर्न २०८१।१।१४ मा निवेदन दिए पनि हालसम्म अवधि थप नभएको र कार्य सूरु नभएकोले प्रगति शुन्य छ। उक्त योजनाको कार्य निर्माण व्यवसायीको कारण सम्पन्न हुन नसकेको देखिदा नियम अनुसार पुर्व निर्धारित क्षतिपुर्ति लिने गरीअवधि थप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने अन्यथा सार्वजनिक खरिद ऐनको दफा ५९ र खरिद सम्झौता बमोजिमको प्रक्रिया अपनाई ठेक्का फरफराक हुनुपर्दछ।

३१.२ **पेश्की जमानतः** खरिद सम्झौता र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(४) बमोजिम बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नुपुर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने उल्लेख छ ।

च्याल्टि कोठे दयागाउ महादेवटार देउराल कुष्मा तालढुङ्गा सडक मर्मत गर्न निर्माण व्यवसायी जे जे सुवर्णवती जे भि रोल्पासंग सम्झौता पश्चात प्राइम बैंङ्क लिमिटेडबाट २०८०।३।२६ मान्य अवधि भएको रु. ५२३८०००।०० सो पेश्की जमानतको आधारमा रु ५२०००००।०० पेश्की दिएकोमा पेश्की जमानतको अवधि समाप्त भएको छ । पालिकाले जमानत रोक्का राख्न २०८०।३।२५ मा बैंकलाई पत्राचार गरेपनि पेश्की जमानत जफत गरेको देखिएन। पेश्की जमानतको मान्य अवधि थप नभएको र अवधि समाप्त हुदा समेत जफत नगरेकोले पेश्की रकम जोखिममा परेको छ। अतः नियम अनुसार पेश्की जमानतको मान्य अवधि थप हुनुपर्ने अन्यथा पेश्की रकम सरकारी रकम बाकी सरह निर्माण व्यवसायीबाट सुद सहित असुल हुनुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,००,००० |

३२ **अस्पताल भवन निर्माण**

१० शैया अस्पताल भवन निर्माणका लागि लागत अनुमान रु १५८२६९५६१ कन्टिन्जेन्सी समेत स्विकृत गरी बोलपत्रको माध्यमबाट मिति २०७९।३।२८ भित्र काम सम्पन्न गर्ने गरी मिति २०७७।३।२९ मा रु १२०१९५२०३।११ मु अ कर र पि एस समेत खरिद सम्झौता भएकोमा छैठौ रनिङ बिल सम्म रु ४६६००६४१।०५ मु अ कर र पि एस समेत र मुल्य समायोजन बापत ४३७२७००१।५७ भुक्तानी भएकोमा देखिएका व्यहोरा देहायअनुसार छन्।

३२.१ **बिमा अवधि घटीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ (१) बमोजिम खरिद सम्झौतामा अन्यथा भएकोमा बाहेक बिस लाख रुपैया भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले सो नियममा उल्लेख भएका कुराको बिमा गराउनु पर्ने र सोहि नियम र सम्झौता अनुसार त्रुटि सच्याउने अवधिसम्मका लागि बिमा गराउनुपर्ने समेत उल्लेख छ। १० शैया अस्पताल भवनको शुरु निर्माण कार्य सम्पन्न गर्ने मिति २०७९।३।२८ अर्थात सम्झौता मितिले २४ महिना रहेकोमा दोस्रो पटक अवधि थप २०८१ अषाढ मसान्तसम्म भएकोमा बिमा अवधि त्रुटि सच्याउने अवधि अर्थात २०८२ श्रावण मसान्त हुनुपर्नेमा २०८१।१०।२ सम्म रहेको देखिदा पुन अवधि थप हुदा त्रुटि सच्याउने अवधिसम्म बिमा गरेको प्रमाण पेश हुनुपर्दछ।साथै सामुहिक दुर्घटना बिमा गरेको समेत प्रमाण पेश नभएकोले सो बिमा समेत गरेको प्रमाण पेश गर्नुपर्दछ।

३२.२ **अवधि थपः** सम्झौता बमोजिम तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा स्रोत सुनिश्चितता नहुदा बजेट प्राप्ति नभएको र कोभिड र बर्षाले बाटो अवरोध, जग्गामा विवाद, भेरिएशन स्वीकृतीमा ढिलाइ, सार्वजनिक खरिद नियमावलीको संशोधनको आधारमा समेत प्रथम पटक २०८० आषाढ मसान्त र दोस्रो पटक २०८१ आषाढ मसान्तसम्म गाउ कार्यपालिकाको निर्णयबाट अवधि थप गर्ने निर्णय भएको देखियो। सम्झौताको अवधि सत प्रतिशत थप गरेपनि ३८.७७ प्रतिशत वित्तिय एवं भौतिक प्रगति भएको छ।बजेट अभाव र स्रोत सुनिश्चतितता नभएको कारण निर्माण कार्य सकिने अवधि निश्चित देखिदैन। तालुक निकायले बजेटको सुनिश्चितता गरी बजेट समयमा उपलब्ध गराइ निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

३२.३ **स्रोत सुनिश्चितता र न्यून प्रगति**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(५) बमोजिम सार्वजनिक निकायले बहुवर्षिय सम्झौता बमोजिम गरिने खरिदको हकमा उपनियम २ को खण्ड क बमोजिम अन्य वर्षको लागि खरिद कारवाही गर्दा आवश्यक पर्ने बजेटको सुनिश्चिता गरेर मात्र खरिद कारवाही सुरु गर्नुपर्ने व्यवस्था छ।यसै गरी सोहि नियमको उपनियम २ क बमोजिम बहुवर्षिय खरिद सम्झौता बमोजिम गरिने खरिदको हकमा पहिलो वर्षका लागि आवश्यक बजेट व्यवस्था भएपछि अन्य वर्षका लागि खरिद कारवाही गर्न सकिने व्यवस्था छ। अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितता गरेको आधार प्रमाण पेश नभएको खरिद सम्झौता बमोजिम मिती २०७९।३।२८ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८१ असार मसान्तसम्म वित्तीय एवं भौतिक प्रगति ३८.७७ भएको देखियो । सम्झौता हुनुभन्दा अगाबै नक्सा तयार गरे तापनि पुनः नक्सा रिभ्यु भएका कारण मिति २०७९।३।२४ मा अन्तिम नक्सा प्राप्त भएको र निर्माण व्यवसायीले समेत कार्यतालिका बमोजिम कार्य नगरेका कारण निर्माण कार्यमा ढिलाइ हुदा प्रगति न्युन भएकोले श्रोत सुनिश्चिता गरी कार्यतालिका बमोजिम कार्य गराउनु पर्दछ।

३३ **ननफाइलरः**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र नियम बमोजिम भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ। मूल्य अभिबृद्धि करसमेत भुक्तानी लिएका निर्माण व्यवसायीहरुले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमाण नदेखिएको एवं ननफाइलर समेत देखाएकाले भुक्तानी भएको ७० प्रतिशत मूल्य अभिबृद्धि कर रु.१६२१७५८।३४ समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु..

| भौ न | कामको विवरण | निर्माण व्यवसायी | प्यान नंम्बर | बिजक न | मु अ कर लाग्ने रकम | मु अ कर | ३० प्रतिशत | ७० प्रतिशत | नन फाइलर मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| ४९। २०८१। ३।१७ | कोठे दयागाउ बृहत खानेपानी योजना | विजय कन्सट्रक्सन प्रा ली | ६०६६०२५७६ | ००५। २०८१। ३।९ | ९३९२९६३०९ | १२२१०८५। २० | ३६६३२५। ५६ | ८५४७५९। ६४ | २०८१। M।२ |
| ४५। २०८१। २।२५ | च्याल्टी कोठे दयागाउ महादेवटार देउराली कुश्मा तालढुङ्गा सडक निर्माण | फुयाल ईन्फा प्राली | ६१०९२७४६९५ | ०१४। २०८१। २।२५ | ३७७९६९९। ७१ | ४९१३६०। ९६ | १४७४०८। २९ | ३४३९५२। ६७ | २०८०। T।३ |
| ६१। २०८१। ३।२४ | | | | ०२२। २०८१। ३।२४ | ४६४९०७७। २५ | ६०४३८०। ०४ | १८१३१४। ०१ | ४२३०६६। ०३ | |
| जम्मा | | | | | | | | १६२१७७८।३४ | |

| अनियमित भएको | १६,२१,७५८.३४ |
|---|---|

३४ **स्रोत सुनिश्चित नभएकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(५) बमोजिम सार्वजनिक निकायले बहुवर्षिय सम्झौता बमोजिम गरिने खरिदको हकमा उपनियम २ को खण्ड क बमोजिम अन्य वर्षको लागि खरिद कारवाही गर्दा आवश्यक पर्ने बजेटको सुनिश्चिता गरेर मात्र खरिद कारवाही सुरु गर्नुपर्ने व्यवस्था छ।यसै गरी सोहि नियमको उपनियम २ क बमोजिम बहुवर्षिय खरिद सम्झौता बमोजिम गरिने खरिदको हकमा पहिलो वर्षका लागि आवश्यक बजेट व्यवस्था भएपछि अन्य वर्षका लागि खरिद कारवाही गर्न सकिने व्यवस्था छ। गाउपालिका प्रशासकिय भवन निर्माण गर्न कुल रु ११०५६५१४९।१४ कन्टिन्जेन्सी तथा मुल्य समायोजन समेतको लागत अनुमान गाउपालिकाका अध्यक्षबाट स्विकृत गरी ठेक्का लागत अनुमान रु ८१६५०१०८।०५ रहेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी एल आइ के बम्जन जे भि कोटेश्वर काठमाण्डौसंग २०८३।३।१५ सम्म कार्यसम्पन्न गर्ने गरी रु ७२८१५३५३।१५ मिति २०८१।२।१७ मा सम्झौता भएको देखियो। उक्त निर्माण कार्य गर्न गाउँ कार्यपालिकाको मिति २०८०।९।१० को निर्णयले बहुवर्षिय योजना स्विकृत गरेको तत्काल ठेक्का आब्हान गर्ने निर्णय भएबमोजिम खरिद कार्य अघि बढाएको देखियो।उक्त भवन निर्माण पालिकाको ४० प्रतिशत र जिल्ला समन्वय समितिको ६० प्रतिशत लागत व्यहोर्ने उल्लेख गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा पालिकाले बजेट विनियोजन नगरे र जिल्ला समन्वय समितिबाट रकम विनियोजन नगरे पनि खर्चका आधारमा रकम उपलब्ध गराउने सम्झौता भएको

देखियो। बाट रकम प्राप्त भएको देखिएन। बहुवर्षिय योजना स्विकृत हुदा बजेटको स्रोत कुन कुन वर्षमा कति बजेट विनियोजन हुने स्विकृत गरेको स्रोत सुनिश्चतता हुनुपर्नेमा सो भएको देखिएन।स्रोत सुनिश्चित बेगर ठेक्का लगाएको र निर्माण व्यवसायीले आर्थिक वर्ष २०८०।८१ मा पेश्की लिएपनि कार्य अघि बढाएको देखिएन। आर्थिक वर्ष २०८१।८२ मा पालिकाबाट एक करोड बजेट विनियोजन भएकोमा जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकबाट रु.१ करोड वजेट विनियोजन भएको देखिन्छ। निर्माण कार्य भैरहेको देखिएपनि बजेट सुनिश्चत नँहुदा समयमा सम्पन्न हुन कठिनाइ हुने हुदा बजेट सुनिश्चितता गरी निर्माण कार्यको ठेक्का लगाउनुपर्दछ ।

### ३५ घटी कार्य गराएकोः

सार्वजनिक नियमावली २०६४ को नियम ११७ (२) बमोजिम उपनियम १ मा जुनसुकै कुरा लेखेको भएपनि निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजना उद्देश्य अनुरुप सामान्य प्रयोग र संचालनमा आएको अवस्था भएमा र निर्माण व्यवसायीले अनुरोध गरेमा र उपनियम ४ वमोजिमको उपयुक्तता परीक्षण त्रुटी नभएमा कार्य स्वीकार गर्न सकिने व्यवस्था छ ।यस वर्ष पालिकाले पलान्चोक मुहान फलामेटार बुद्ध खानेपानी आयोजनाको ठेक्का लागत अनुमान रु ६९६९९०२।६५ को स्विकृत गरी बोलपत्र आव्हान गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी सृजना कन्सट्रक्सन नमोबुद्धसंग रु ५८००३९४।०६ मा मिति २०८१।३।१४ मा कार्यसम्पन्न गर्ने गरी मिति २०८०।१०।१५ मा सम्झौता भएको देखियो।उक्त योजना आयोजनाको निर्माण कार्य पाइपको साइज चेन्ज गरी भेरिएशन पश्चात संशोधित ठेक्का अंक रु ५८८५८०६।९६ कायम गरेकोमा निर्माण कार्य रु ४५८२०५४।८२ मा कार्य स्विकार गरेको देखियो। निर्माण कार्यको प्रगति ७४.५१ प्रतिशत देखिएकोमा सो को प्राविधिक कारण खुलाइ पुनः भेरिएशन गर्नुपर्नेमा नगरेको र नब्बे प्रतिशत भन्दा घटीको कार्यस्विकार गर्न मिल्ने देखिदैन। क्याचमेन्ट एरिया घटेकोले पाइपको साइज घटाएको र धाराको प्लेटफर्म घटेको कारण घटीमा कार्य सम्पन्न भएको र सुरुमा ४५ धारा निर्माण गर्ने गरी सम्झौता भएकोमा ५२ वटा धारा निर्माण भएको छलफलका क्रममा जनाएको छ। तर नब्बे प्रतिशतभन्दा घटी अर्थात सम्झौता अंक भन्दा रु १३०३७५२।१४ घटी कार्य गराएकोमा प्राविधिक पुस्ट्याइ सहित भेरिएशन स्विकृत नभएकाले नियमसम्मत नदेखिएको रु ...

| | |
|---|---|
| अनियमित भएको | १३,०३,७५२.१४ |

### ३६ अवधि थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ ।यस वर्ष पालिकाले कुल ५ वटा ठेक्का मध्ये २ वटा ठेक्काको सत प्रतिशत र ३ वटा ठेक्काको दुईसय प्रतिशत सम्म अवधी थप गरेको देखिन्छ। तर निर्माण अवधि थप गरेको अझैपनि पनि १ ठेक्का रनिङ् र १ अधुरो रहेको पाइयो । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

### ३७ परामर्स तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| पलाञ्चोक मुहान फलामेटर बृहत खानेपानी योजना | काष्ठमण्डप इन्जिनियरिङ प्रा लि. | १००००००० | ९,४७,०९६ | १२५६३२४७ |
| कोठे दयागाउँ बृहत खानेपानी योजना | यारसुर्य इन्जिनियरिङ सर्भिस प्रा लि | १०००००० | ९,४६,९८३ | ३४१३८१३७ |
| गाउँपालिकाको प्रशासनिक भवन निर्माण | जे म्याक्स बिल्डर्स इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | १५००००० | १४,२३,५७५ | ११०५३४५१३ |
| वडा नम्बर २ कार्यालय भवन निर्माण | जिआई एस एस इन्जिनियरिङ सोलुसन कम्पनी प्रा.लि. | १०००००० | ९,९२,७०५ | १८१११४३४ |
| खानीखोला गाउँपालिकाको धुने योजना तर्जुमा | सिटिजन डेभलपमेन्ट सोलुसन प्रा. लि. | २०००००० | १९,०४,०७४ | ७५९९५४९०३ |
| ग्रामीण नगरपालिका यातायात गुरुयोजना | कन्धरा इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन | १०००००० | ९,४५,२६७ | १२२३३३८५०० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । केहि डिपिआर प्रतिवेदन कार्यन्वयनमा गएको देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै प्रतिवेदन पाम्समा आम्दानी समेत नभएकालेआम्दानी बाधेको प्रमाण पेश गर्नुपर्दछ।अतः परामर्श सेवा प्रतिस्पर्धात्मक रुपले खरिद गरी पाम्समा दाखिला गरी कार्यान्वियनमा समेत लैजानुपर्दछ ।

३८ **संघीय समपुरकः** (३५-२०८१-३-२४):

समपूरक अनुदान सम्वन्धि (तेस्रो संशोधन) कार्यविधि २०७७ को वुदा नं ६ आयोजनाको प्रकृति अनुसार कुल लागतको अधिकतम ५० प्रतिशतसम्म समपुरक अनुदान प्रदान गर्न सक्ने तथा बुदा नं ९ मा जुन आयोजना / कार्यक्रमका लागि अनुदान प्रदान गरिएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । च्याल्टी कोठे दयागाउँ महादेवटार देउराली कुस्पा ताल्ढुंगासडक निर्माण योजनामा समपुरक बजेट रु.८०००००००.०० विनियोजन भएकोमा योजनाको निर्माण व्यवसायीसँग रु.१००२३३७३.०० मा सम्झौता गरी यस वर्षको भएको कामको प्राविधिक मुल्याङकन रु.९५९९०५०.०० भएकोमा सोको पचास प्रतिशत रु.४७९९५२५.०० तथा ३ प्रतिशत कन्टिजेन्सी समेत रु.४९४३५१०.७५ खर्च गर्न मिल्नेमा रु.६९५७१२५.०० गरेको छ । संघीय समपुरकबाट प्राप्त अनुदानमा पालिकाले समेत ५० प्रतिशत लागत सहभागिता गरी खर्च गर्नुपर्नेमा संघीय अनुदान रकम बढी खर्च गरेको रु.२०१३६१४.२५ संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,१३,६१४.२५ |

३९ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित केहि योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको तथा केहिमा घटि कार्य भई तोकिएको कार्यसम्पन्न भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन ।

प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित नहुने र घटी खर्च गराउन पर्नाको प्राविधिक कारण र पुष्टाई खुलाउनुपर्छ।

४० **प्रदेश समपुरकः**

प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७७ बुदा नं ४ प्रदेश सरकारले व्यहोर्ने अंश कुल लागतको बढीमा पचास प्रतिशतसम्म रहने तथा बुदा नं ८ मा जुन आयोजना / कार्यक्रमको लागि अनुदान प्रदान गरिएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । देहायका योजनामा समपुरक बजेट विनियोजन भएकोमा निर्माण कार्यको प्राविधिक मुल्याङकन अनुसार भएको कुल खर्चको पचास प्रतिशत र कन्टिजेन्सी थप ३ प्रतिशत समेत हुने रकम प्रदेश समपुरकबाट खर्च भएपश्चात बाकी रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्नेमा पालिकाले व्यहोर्ने समपुरक रकम समेत प्रदेश समपुरकबाट नै खर्च गरेको देखियो। अतः प्रदेश समपुरक योजनामा तोकिएको अनुपात वाहेक बढी खर्च भएको रकम रु ९१२६७३२।०० प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु....

| योजना विवरण ठेक्का न | सम्झौता अंक | प्राविधिक मुल्याङकन | कुल भुक्तानीको ५० प्रतिशत र ३ प्रतिशत कन्टिजेन्सी समेत प्रदेश समपुरक खर्च गर्न मिल्ने | प्रदेश समपुरक खर्च रकम | प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| सुकुम - धाप्ले-महाङ्काल-ताल्दुंगा सडक निर्माण आयोजना | ४३६६७४५ | ४२६२४५३ | २१९५१६३ | ४६२३४९८ | २४२८३३५ |
| जुरे-बाङ्गे-धनमानासडक निर्माण आयोजना १ | ४२७७९२९ | ४०७८३१८ | २१००३३४ | ३३७५२३३ | १२७४८९९ |
| हात्तीछेडा-खजुलीलेक-बाँसपुर-देउरालीसडक निर्माण आयोजना ४ | ४३६७२७३ | ४०८७३०४ | २१०४९६१ | ४८५२१९६ | २७४७२३५ |
| बाँसघारी-जगथलीसडक निर्माण आयोजना २ | ४३७८८८३ | ४२९९९७५ | २२१४४८७ | ४८९०७५० | २६७६२६३ |
| जम्मा | १७३९०८३० | १६७२८०५० | ८६१४९४५ | १७७४१६७७ | ९१२६७३२ |

| प्रमाण पेश नगरेको | ९१,२६,७३२ |
|---|---|

४१ **देउराली स्वास्थ्यचोकी भवन संरक्षण मेशिनरी वाल** (५९-२०८०-१०-२१):

सार्वजनिक खरिद नियमावली २०६४ को निमय ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराउदा जनसहभागिताको अंश समेतको रकम समावेश हुनुपर्ने उल्लेख छ । देउराली स्वास्थ्यचौकी भवन संरक्षण मेशिनरी वाल निर्माण कार्य गर्न पालिका र सल्धारा स्वास्थ्यचौकी व्यवस्थापन समिति बिच रु २१५८९०।०० मा सम्झौता भई प्राविधिक मुल्याङ्कन रु १९९६१३।०० गरेको छ । पालिकाले १०.१४ प्रतिशत जनसहभागिताको अंश हुने गरी सम्झौता गरेकोमा अन्तिम मुल्याङ्कनको १०.१४ प्रतिशतले हुने रु २०२४०।०० कट्टा गरी रु १७९३७३।०० भुक्तानी गर्नुपर्नेमा रु १८५६५१।०० भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु ६२७८। ००सम्बन्धितबाट असुल गर्नुपर्ने रु .

| असुल गर्नुपर्ने | ६,२७८ |
|---|---|

४२ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) बमोजिम बीस लाखसम्म लागत अनुमान भएको निर्माण कार्य सिलबन्दी दरभाउपत्रबाट र नियम ३१(१) बमोजिम बीस लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष निम्नानुसारको योजना संचालन गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई कोटेशन मार्फत निर्माण व्यवसायीबाट रु.७८२४३०१ .०० को सोझै खरिद गरेको देखियो ।निर्माण कार्यको प्याकेज बनाई खुल्ला बोलपत्र मार्फत योजना संचालन गर्दा प्रतिस्पर्धा मार्फत योजना घटेर कार्य हुने वा उपभोक्ता मार्फत कार्य संचालन गर्दा उपभोक्ताले पनि लागत अनुमानमा कम्तिमा १०

प्रतिशत व्यहोरेको छ भने कोटेशन मार्फत योजना संचालन गर्दा लागत अनुमानकै हाराहारीमा खर्च भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छ।

| **भौ। मिति** | **व्यवसायी** | **कामको विवरण** | **लागत अनुमान** | **सम्झौता** | **भुक्तानी** |
|---|---|---|---|---|---|
| ८।२०८०।६।२५ | किस्पाङ निर्माण सेवा | चित्रे लाप्चे साल्मे पत्थरचोक जगथली सडक मर्मत | ९७८४८९ | ९७८४८९ | ९२७५२० |
| ३०२।२०८१।३।२३ | | आँपटार खानेपानी निर्माण योजना | ९९९२६६ | ९९५२२० | ९६२८८२ |
| ९।२०८०।६।२६ | कोन्ज्योसोम निर्माण सेवा | लाटिखोल्मे वाइ तालढुङ्गा सडक मर्मत | ९६४८९५ | ९६४८९५ | ९४७२२२ |
| १२।२०८०।६।२६ | सफल कन्सट्रक्सन | वडाको मुख्य तथा सम्पुर्ण भित्री सडक मर्मत | ५९७६०९ | ५९७६०९ | ५९२३३९ |
| १४।२०८०।६।२६ | जे डि पि कन्सट्रक्न एण्ड सप्लायर्स | हेल्टार बोलन महाङ्काल लुइचे तालढुङ्गा सडक मर्मत | ९०७४८० | ९०७४८० | ८४९३६३ |
| ३५।२०८०।९।३२ | | वडा न ६को मुख्य तथा सम्पुर्ण भित्री सडक मर्मत | ७९६३५२ | ७९७३५२ | ७९३५८२ |
| १५।२०८०।६।२६ | च्याङ्टै कनसट्रक्सन | खानीखोला दोस्रो लघु जलबिद्युत संरक्षण तथा पहिरो नियन्त्रण | ९८८८८२ | ९८८८८२ | ९८२०९२ |
| ४२।२०८०।९।२६ | | वडा ३ को मुख्य तथा सम्पुर्ण भित्री सडक मर्मत | ५९११२९ | ५९११२९ | ५८८५४६ |
| २१।२०८०।८।१३ | संजय निर्माण सेवा | वडा ७को मुख्य तथा सम्पुर्ण भित्री सडक मर्मत | ७९८०२० | ७९५२२६ | ७९११५० |
| ३०१।२०८१।३।२३ | ए जि कन्सट्रक्सन | टोके खानेपानि निर्माण | ३८९६०५ | ३९४६४२ | ३८९६०५ |
| जम्मा | | | | | ७८२४३०१.०० |

माथी उल्लेखित योजनाका सम्वन्धमा कार्यालयलाई प्राप्त स्वीकृत कार्यक्रमहरु स्थान तोकिएर नै आएको कार्यक्रमहरु फरक फरक स्थानमा छरिएर आएको, उपभोक्ता समिति गठन विवाद देखिएकोले नियमानुसार कोटेशनमा कार्यक्रम संचालन भएको लेखापरीक्षणको क्रममा जनाएको छ । कार्यालयले प्याकेज बनाई प्रतिस्पर्धी मार्फत खरिद गर्नुपर्नेमा सोझै खरिद गरेकोले निर्माण कार्यमा मितव्ययीता अपनाउने गरी खरिद विधि छनौट गर्नुपर्दछ ।

४३ **सव कन्ट्याक्टरबाट काम गराएको :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । त्यस्तै नियम ९७ (१३ क) वमोजिम उपभोक्ता समितिलाई दिएको कार्यमा कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा उक्त समितिसंग सम्झौता रद्ध गरी सो कार्य गर्ने निर्माण व्यवसायीलाई कालोसुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका निर्माण कार्य उपभोक्ता समिति आफैले गर्ने गरी सम्झौता भएकोमा उक्त निर्माण कार्यको भुक्तानीको लागि पेश भएको बिल भरपाई परीक्षण गर्दा उपभोक्ता समितिलाई भुक्तानी भएको रकमको अधिकांस खर्च निर्माण व्यवसायीको बिल भुक्तानी भएकोले उक्त कार्य निर्माण व्यवसायीबाट सवकन्ट्याक्टमा गराएको देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् ।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | लागत अनुमान | निर्माण व्यवसायी | विल रकम | भुक्तानी | फरक |
|---|---|---|---|---|---|---|
| १६।२०८०।६।२६ | सानो बलदेब माझिटार कुस्मा देउराली महादेवटार खोलासम्म सडक स्तरोन्नती | १०६९२१५ | जे डि पि कन्सट्रक्न एण्ड सप्लायर्स | १०६८९८० | ९९९४४२ | ६९७७३ |
| ३३।२०८०।९।११ | वडा न ५ मुख्य तथा सम्पुर्ण भित्री सडक मर्मत सुधार तथा स्तरोन्नती उपभोक्ता समिति | ६४१८३१ | | ५९३०९१ | ५५९०९२ | ८२७३९ |
| ६०।२०८०।११।११ | श्री खम्बा बेलडाडा च्यानडाडा सडक स्तरोन्नती उपभोक्ता समिति | ८६१५४१ | | ८५७९७९ | ७९६८१६ | ६४७२४ |
| ५५।२०८०।११।६ | भुते बलडाडा स्तरोन्नती उपभोक्ता समिति | ८५३७४५ | दाप्चा हिमालयन कृर्षि फर्म तथा इस्क्र कन्सट्रक्सन | ८२१४०० | ७३८८२३ | ११४९२२ |
| ५८।२०८०।११।९ | फलाटे सिङ्गरडाडा खवासे डाडा रामटार सडक स्तरोन्नती तथा नयाँ ट्याक उपभोक्ता समिति | ५३६९५८ | | ५२९०२० | ४९२५०० | ४४४५८ |
| १४३।२०८१।१।२७ | सार्किडाडा फलामेटार सिम्ले मकै बारी ढोक सतिघाट सिमसम्म सडक स्तरोन्नती | ३२०५६४० | च्याट्टै कन्सट्रक्सन | २८६९९१४ | २८३२३११ | ३७३३२९ |
| २३९।२०८१।३।१७ | ह्यात्तीछेडा खजुलीबेसी मोटरबाटो नयाँ ट्र्याक खोल्ने योजना उ स | ४३२५०२ | सर्वसिद्ध कन्सट्रक्सन प्रा ली | ४२८८३५ | ३८४२८३ | ४८२१९ |
| ३४८।२०८१।३।२४ | मुख्य तथा सम्पुर्ण भित्री सडक मर्मत सुधार उपभोक्ता समिति | ५३९०४० | म्हाबर कन्सट्रक्सन प्रा ली | ५२१४९५ | ५३९०४० | १७५४५ |

४४ **बिमा नगराएकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ (३ क) बमोजिम उपभोक्ता समितिले बीस लाख रुपैंया भन्दा बढी मुल्यको निर्माण कार्य गराउदा सम्झौता रकममा विमा बापतको खर्च व्यहोर्ने रकम समावेश गरी निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले देहायका उपभोक्ता समितिमार्फत गराएको निर्माण कार्यमा बिमा गरेको देखिएन। अतः नियमावलीमा तोकेको बीस लाख भन्दा बढीको निर्माण कार्यमा बिमा गराइ निर्माण कार्य गराउनुपर्दछ । सो सम्बन्धी उदाहारण देहायअनुसार छन्।

| भौ न | कामको विवरण | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|
| ४७।२०८०।१०।१२ | तालढुङ्गा महाङ्काल हेलटार सडक स्तरोन्नती | २१३४१८६ | १०२४७१२ |
| २८।२०८०।९।४ | च्याल्टि फलामेटार तालढुङ्गा सडक खण्ड अन्तर्गत कोठे दयागाउँ सडक नाला तथा सोलिङ निर्माण योजना | २१३३४२२ | १९२००५४ |
| ५४।२०८०।११।२ | खजुलीबेसी धाप्ले मिल्चे सानोधाप्ले महाङ्काल सडक स्तरोन्नती | २६६७४७४ | ११५०३४५ |
| ७०।२०८०।११।१५ | डुम्रे जगथली फुलडाडा सडक स्तरोन्नती उभोक्ता समिति | ३२००९७१ | २८५५२३९ |
| १०८।२०८०।१२।५२ | फलाटे धार्ने लट्टिनी सडक स्तरोन्नती | ३२०१७८३ | २९९१८७५ |
| ३०३।२०८१।३।२३ | अमर सहिद स्मृति प्रतिष्ठान उपभोक्ता समिति | २१४१७०७ | १८९८५३५ |

४५ **उपभोक्ता समितिको सहभागिताः**

खानीखोला गाउँपालिका उपभोक्ता समिति गठन एवम योजना संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यबिधि २०७४ को बुँदा न १७ मा स्थानीय यातायात तथा क्षेत्रगत पुर्वाधार विकास कार्यक्रम तर्फका सडकहरुको हकमा (सबै प्रकारको निर्माण कार्यमा) २० प्रतिशत जनसहभागिता बापत व्यहोर्नुपर्ने उल्लेख छ। उपभोक्ता समितिबाट भएको पूर्वाधार निर्माण कार्यको ५ लाख भन्दा बढी भुक्तानी भएको योजनाको नमुना छनौट गरी परीक्षण गरेकोमा देहायबमोजिको कार्यविधि बमोजिम जनसहभागिता अशं समावेश नगरी घटी अशं समावेश गरी योजना सम्झौता गरी संचालन गरेकोमा रु.२९५८७३८।०० बढी व्ययभार परेको रु

| भौ न मिति | उपभोक्ता समितिको नाम | भुक्तानी | लागत अनुमान | मुल्याङ्कन | उ स अंश | हुनुपर्ने अंश | घटी अंश |
|---|---|---|---|---|---|---|---|
| ७।२०८०।६।२५ | तालढुङ्गा माहाङ्काल हेलटार सडक स्तरोन्नती उ स | १९१७१३६ | २१३४१८६ | २१३२११७ | २१२११७ | ४२६४२३ | २१४३०६ |
| ५०।२०८०।१०।१६ | सिरुटार डाडागाउ सडक स्तरोन्नती | ७६७४९२ | ८५३८९४ | ८१७७५२ | ४९७५२ | १६३५५० | ११३७९८ |
| ६१।२०८०।११।११ | नयाबस्ती सिम्बाले मोटर ट्याक ओपन योजना | ८९०३५७ | १०६७९७० | ९९०४९७ | ३०४९७ | १९८०९९ | १६७६०२ |
| ६०।२०८०।११।११ | श्रीखम्बा बेलडाडा च्यानडाडा सडक | ७६४८१६ | ८६१५४१ | ८५७९६९ | ९३१५३ | १७१५९४ | ७८४४१ |
| ५६।८०।११।९ | आपटार फुलडाडा खण्ड सडक सोलिङ तथा स्तरोन्नती | ९५३५०८ | १०६६८३० | १०५९६५० | १०६१४२ | २११९३० | १०५७८८ |
| ५५।८०।११।६ | भुते बलडाडा सडक स्तरोन्नती | ७३८८२३ | ८५३७४५ | ८२१३११ | ८२४८८ | १६४२६२ | ८१७७४ |
| २७६।८१।३।२३ | दयागाउँ लाट्टिनी मोटरबो सडक स्तरोन्नती उ स | ६७२४८८ | ८५४४०२ | ७४५६४६ | ७३१५८ | १४९१२९ | ७५९७१ |
| १६।८०।६।२६ | सानुबलदेब माझिटार कुस्मा देउराली माहादेबटार खोलासम्म सडक स्तरोन्नती | ९५९४४२ | १०६९२१५ | १०६८५९३ | १०९१५१ | २१३७१९ | १०४५६८ |
| ३३७।८१।३।२४ | सुकुमभेदी पाकडोल देउपाल माहाकाल तालढुङ्गा सडक स्तरोन्नती | ४४३४८०४ | ५१४९२५४ | ४९७७६७५ | ५४२८७१ | ९९५५३५ | ४५२६६४ |
| ३२८।८१।३।२४ | जुरेबाङ्गे खोलासम्मको सडक स्तरोन्नती | १५१८११७ | १७०७१७६ | १६८७३०० | १६९१८३ | ३३७४६० | १६८२७७ |
| १९४।८१।२।२७ | बासपुर पोखरी भन्ज्याङ डाडाटोल भ्याकुरे मोटर बाटो नयाँ ट्याकओपन | ५५२९७९ | ६४२६७५ | ६०८२७७ | ५५२९८ | १२१६५५ | ६६३५७ |
| १७४।८१।२।२३ | खोपासी तालढुङ्गा सडक अन्तरगत कामिडाडा तालढुङ्गा सडक स्तरोन्नती | १९२६६०४ | २१४२५१६ | २१३१०२५ | २०४४२१ | ४२६२०५ | २२१७८३ |
| २८३।८१।३।२३ | बासघारी जगथली सडक ट्याक ओपन | १०४७९४७ | १२८२७६६ | ११६६९३३ | ११८९८६ | २३३३८७ | ११४४०१ |
| ९६।८०।१२।२० | जुरे पहाले मोटरबाटो नया ट्याक ओपन | ७६१३४९ | ८६३२५४ | ८५९७२८ | ९८३७९ | १७१९४६ | ७३५६७ |
| १०८।८०।१२।२२ | फलाटे धार्ने लट्टिनी सडक | २८७१८७५ | ३२०१७८३ | ३१९२७५५ | ३२०८८० | ६३८५५१ | ३१७६७१ |
| ११५।८०।१२।२७ | माझिटार कालसिङ सडक निर्माण | ५४७४०४ | ५८६६६९ | ५८३७८५ | ३६३८१ | ११६७५७ | ८०३७६ |
| ३३।८०।९। | वडा न ५ मुख्य तथा सम्पुर्ण भित्री सडक | ५५९०९२ | ६४१८३१ | ६२२९९१ | ६३८९९ | १२४५९८ | ६०६९९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | मर्मत | | | | | | |
| १४।८०।९।१९ | तालढुङ्गा जोब्ला जगथली सडक स्तरोन्ती(प्रथम बिल) | २३०३४७१ | ४०००००० | २३०३४७१ | ० | ४६०६९४ | ४६०६९४ |
| जम्मा | | | | | | | २९५८७३९ |

| | |
|---|---|
| अनियमित भएको | २९,५८,७३८ |

४६ **जटिलसंरचना निर्माण–**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गरेको छ । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी/ फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । सो सम्बन्धी उदाहारण देहायबमोजिम छन्।

| **सि नं** | **भौन** | **कामको विवरण** | **सम्झौता अंक** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | ५७।२०८०।११।९ | बुद्ध मुर्ति निर्माण योजना उ स | ३२३३७४ | २७९१५५ |
| २ | २६०।२०८०।३।२० | घैयाबारी गुम्बा रङ्गरोगन तथा बुद्ध मुर्ति निर्माण तथा खरिद योजना उ स | ४०१५८९ | ३६०८३९ |
| ३ | ३०३।२०८१।३।२३ | अमर सहिद स्मइति प्रतिष्ठान भवन निर्माण उ .स. | २११७७५७ | १८९८५३५ |

४७ **मुल्य अभिवृद्धिकर बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावलीको नियम ९७ (४) बमोजिम उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। देहाय बमोजिमका योजनाहरुमा पालिकाले उपभोक्ता समितिलाई विजकको भन्दा बढी मुल्य अभिवृद्धि कर रु. १२४४७।०० भुक्तानी गरेको देखिएकाले सम्बन्धीत उपभोक्ता समितिबाट मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु

| भौ न | उपभोक्ता समिति | भुक्तानी भएको रकम | विजक बमोजिम भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|
| २३०।२०८१।३।१३ | सार्किडाडा ट्रष्ट प्रतिक्षालय निर्माण योजना | २०५३४ | १६८७९ | ३६५५ |
| ९४।२०८०।१२।१९ | हात्तिसार रातमाटे लिफ्ट सिचाइ निर्माण योजना | ३३६८४ | ३१७६८ | १९१६ |
| १५८।२०८१।२।१७ | चुनीखोला चित्रे सौरे जुरे भाङटारबेसी सडक स्तरोन्नती | ५७६७६ | ५०८०० | ६८७६ |
| जम्मा | | | | १२४४७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,४४७ |

४८ **अनुगमन भत्ताः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवासुविधा सम्वन्धि ऐन,२०७५ मा स्थानिय पदाधिकारीहरुले स्थानीय क्षेत्रभित्रका योजनाहरुको अनुगमन गर्ने कार्यवापत भत्ता उपलव्ध गराउने व्यवस्था नभएकोमा पालिकाको निर्णय बमोजिम पदाधिकारीहरुलाई निम्न योजना तथा कार्यक्रम अनुगमन गरेवापत भत्ता भुक्तानी गरेको देखियो। पदाधिकारी सुविधा प्रदेश सरकारले सुविधा सम्वन्धि कानुन बमोजिम हुने तथा कर्मचारीको हकमा भ्रमण खर्च नियमावली २०६४ बमोजिम हुने व्यवस्था भएकोमा सो कानुनमा उल्लेख नभएको अवस्थामा पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता रु.४४८०००।०० भुक्तानी गरेकोले नियम सम्मत नदेखिएको रु

| भौ न | कार्यक्रम | भुक्तानी पाउने पदाधीकारी संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| ३४४।२०८१।३।२४ | विभिन्न योजनाको अनुगमन | ४ जना | ६७२०० |
| ३६।२०८१।१।३ | विभिन्न योजना अनुगमन | १० जना | ३८०८०० |
| जम्मा | | | ४४८००० |

| अनियमित भएको | ४,४८,००० |
|---|---|

४९ **बढी कन्टिजेन्सी खर्चः**

प्रदेश सशर्त अनुदान सम्वन्धी कार्यविधि २०७९ को दफा १२(ज) बमोजिम सशर्त अनुदानबाट संचालन हुने आयोजनामा लागतको ३ प्रतिशत भन्दा बढी कन्टिन्जेन्सी खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले प्रदेश समपुरक अनुदानबाट संचालन गरेको देहायको आयोजनामा आयोजनको खर्चको आधारमा कन्टिजेन्सी रकम बढी खर्च गरेको देखिएकोले तोकिएको प्रतिशत भन्दा बढी रु.११८४३११।०० खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु ..

**(विस्तृत विवरण बेरूजु दफा ४९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| अनियमित भएको | ११,८४,३११ |
|---|---|

५० **सडक मजदुरः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम निर्माण कार्यको भुक्तानी प्राविधिक नापजाँच गरी भुक्तानी गर्नुपर्दछ । पालिकाले सडक मजदुर नियुक्त गरी दैनिक रुपमा कार्य गराई दैनिक रु.७९०।०० का दरले रु.२२५५४५०।०० भुक्तानी गरेको छ । उक्त कामदारले गरेको कार्यको प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गरेको देखिएन । कार्यपालिकाको निर्णयअनुसार सडकलाई नियमित संचालन गर्न पहिरो पन्छाउने,ड्रेन सफा गर्ने, सडक सफाई लगायतका कार्य दैनिक ज्यालादारीमा डोर हाजिरीमा कार्य गराई वडाध्यक्षको सिफारिसका आधारमा रकम भुक्तानी गरेको छलफलको क्रममा जनाएको छ।प्राविधिक मुल्याङ्कन वेगर कार्य गराँउदा वास्तविक कार्य कति भएको हो एकिन हुन नसक्ने हुँदा अनिवार्य रुपमा मुल्याङ्कन गरी खर्च गर्ने परिपाटी बसाल्नुपर्दछ।

| सि नं | भौ नं | विवरण | भुक्तानी |
|---|---|---|---|
| १ | १२१।०८०।६।२७ | २८ जना | ११०६७९० |
| २ | १४७।०८०।७।१९ | २६ जना | ११४८६६० |
| | जम्मा | | २२५५४५० |

५१ **राजस्व दाखिलाः** (७५८,७५९-२०८१-३-२३):

पारिश्रमिक कर तथा अन्य कर संघीय सरकारको अधिकारक्षेत्र भएकोले उक्त रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्दछ । तालीम संचालन वापत चक्र बहादुर थापालाई रु.८०००००।०० पेश्की दिएकोमा रु.५७६६४५।०० खर्च फाटवारी पेश गरी वाँकी रकम फिर्ता गरेको छ । उक्त कार्यक्रममा पारिश्रमिक भुक्तानी गर्दा कट्टा गरेको अग्रीम कर वापत रु.५१२६१।०० संघीय राजस्व खातामा दाखिला गर्नुपर्नेमा स्थानीय सचित कोषमा दाखिला गरेकोले संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५१,२६१ |
|---|---|

५२ **प्रविधि हस्तान्तरणः** (३४०-२०८०-१२-२०):

लक्षित समुहलाई प्रविधि/उपकरण वितरण गर्दा वितरणको मापदण्ड तयार गरी सुचना जारी गर्ने र माग दावि पेश भएको मध्ये मापदण्ड पुरा गरेको लाभग्राही छनौट गरी प्रविधि /उपकरण सामग्री वितरण गर्ने र सोको उपयोगको अनुगमन समेत गर्नुपर्दछ । पालिकाले यस वर्ष युवा व्यवसायी प्रवर्द्धन कार्यक्रम अन्तरगत सुस्मिता लेडिज एण्ड जेन्स टेलर्सलाई ७ थान मेसिन खरिद गरि अनुदान दिएकोमा नीजि व्यवसायीलाई उपकरण वितरण गर्दा वितरणको मापदण्ड, लाभग्राही छनौट जस्ता प्रकृया नअपनाई वडाबाट सिफारिसको आधारमा वितरण गरेको छ । मापदण्ड तयार नगरी सिफारिसको आधारमा वितरण गर्दा पहुच नहुने लाभग्राहीलाई सो सम्वन्धमा जानकारी नहुने र नपाउने अवस्था सृजना हुने भएकोले यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ । साथै लघु उधम विकास कार्यक्रम (MEDPA) निर्देशिका

२०७७ को दफा ४१ अनुसार उपलब्ध गराउने प्रविधिको कुल लागतको कम्तीमा २० प्रतिशत रकम उद्यमी स्वयमले व्यहोर्नु पर्ने व्यवस्था छ । सुस्मिता लेडिज एण्ड जेन्स टेलर्सलाई ७ थान मेसिनको रु.१४८३५०।०० र १० थान कुर्सीको रु.१६०००।०० गरी रु.१६४३५०।०० को २० प्रतिशतले हुने रकम रु.३२,८७०।०० लागत सहभागिता कट्टा गरी रु.१३१४८०।०० भुक्तानी गर्नुपर्नेमा रु.१४७५३७।०० भुक्तानी गरेकोले नपुग लागत सहभागिता रु.१६०५७।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,०५७ |

५३ **प्रोत्साहन भत्ताः**

स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(४) बमोजिम कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष तलबको ४० देखि ५० प्रतिशत सम्म कर्मचारीलाई प्रोत्साहन भत्ता वापत रु.२७९५४४५।०० भुक्तानी गरेको छ । पालिकाको यस वर्ष आन्तरिक स्रोत रु. १२६७९१०।३९ भएको अवस्थामा आन्तरिक आय भन्दा बढी प्रोत्साहन भत्ता वितरण गर्दा व्ययभार बढ्न गएको छ । साथै प्रोत्साहन भत्ता कार्यविधि बमोजिम तोकिएको आधारमा प्रोत्साहन भत्ता सूचक मुल्यांकन गरेको प्रमाण समेत पेश नभएकोले नियमसम्मत नदेखिएको रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,९५,४४५ |

५४ **पोशाक सुविधाः** (८०६-२०८१-३-१४):

स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (संशोधन समेत) दफा ३क बमोजिम अनुसुची १क मा उल्लेख भए बमोजिम सेवासुविधा पाउने उल्लेख छ । पालिकाले पदाधिकारीका लागि पोशाक बापत ॐ शान्ति टेलरिङ हाउस एण्ड सर्टिङ सुटिङ्ग सेन्टरलाई रु.३७८८५०।०० भुक्तानी गरेको छ । गाउँसभामा एकरुपताका लागि कार्यकालमा एक पटक पोशाक उपलब्ध गराई फर्मलाई भुक्तानी गरेको छलफलको क्रममा जनाएको छ । पोशाक सुविधा रु.३७३०००।०० कानुन वमोजिम नभएकोले नियम सम्मत नदेखिएको रु.

| सि नं | विवरण | प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ब्लेजर सुट ४० सेट | जनप्रतिनिधि | २३४००० | बुझ्नेको नाम उल्लेख नभएको |
| २ | जुवारी सुट ४० सेट | जनप्रतिनिधि | १३९००० | बुझ्नेको नाम उल्लेख नभएको |
| | | जम्मा | ३७३००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७३,००० |

५५ **पूर्वनिर्धारित क्षतिपूर्तिः**

सार्वजनिक खरिद नियमावली २०६४ को निमय १२१ बमोजिम सेवाप्रदायकको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न गर्न नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । देहायका परामर्शदाताले सम्झौता अनुसार तोकेको म्याद भन्दा ढिलो कार्य सम्पन्न गरेको देखिएकोले पूर्वनिर्धारित क्षतिपुर्ती वापतको रकम रु.३९७०७।०० कट्टा गरी पूरै भुक्तानी गरेकोले हर्जना वापत असुल गर्नुपर्ने रु.

| सि नं | योजनाको नाम | परामर्शदाता | भुक्तानी रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने अवधि | सम्पन्न गरेको | ढिलो सम्पन्न भएको अवधि | हर्जना रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | वडा नं २ को कार्यालय भवन | जि.आई. सि.सि. इन्जिनियरिङ सोलुसन कम्पनी प्रा लि | ९९२७०५ | २०८०।६।२१ | २०८०।९।२० | २०८०।११।१८ | ५६ | २७२९९ |
| २ | Transport Master plan | कान्धरा इन्जिनियरिङ्ग कन्स्लटेन्सी एण्ड कन्स्ट्रक्सन प्रा लि | ९९२७०५ | २०८०।५।२१ | २०८०।८।२० | २०८०।९।१६ | ३० | १२४०८ |
| | | जम्मा | | | | | | ३९७०७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,७०७ |

५६ **सहकारी अनुदानः** (८२५-२०८०-३-२):

स्थानीय उत्पादन खरिद तथा बिक्री केन्द्र सञ्चालन कार्यविधि, २०७९ को बुदा नं ३ र ४ अनुसार स्थानिय स्तरमा उत्पादित कृषि उपज तथा गैर कृषि उत्पादनलाई साझेदार संस्था मार्फत बिक्री वितरणका लागि बिउँ पुजी एवम् चालू पूँजीको रुपमा परिचालन गर्न नीजि क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्न बजार सहजीकरण सहयोग बापत किस्ताको रुपमा रु.२० लाख अनुदान दिने र बुदा नं ६ बमोजिम उक्त रकम २० देखि ४० प्रतिशत लगानी गर्ने, यातायात, भण्डार बिक्रीकर्ताको अन्य भैपरी चालु खर्च गर्न सक्ने उल्लेख छ । खानीखोला बहुउद्देशीय सहकारी संस्था लि लाई रु.४०००००।०० निकासा गरेकोमा उक्त रकम उत्पादक वा कृषकको उत्पादन खरिद गरी उक्त रकम खर्च गरेको छ । यसरी कृषकको उत्पादनको शत प्रतिशत खरिदको भुक्तानी बापत पालिकबाट निकासा भएको रकमबाट गरेको देखिएको छ । सहकारीले कृषकबाट गरेको खरिदमा खर्च विश्लेषण गरी निश्चित प्रतिशत अनुदान दिन सक्नेमा शत प्रतिशत खरिदमा अनुदान दिएको नियम सम्मत देखिएन।अत सहकारीले उत्पादक कृषकबाट समान खरिद गरेवापत निश्चित अनुदान नदिई पुरै समानको मूल्य दिएकोले थप व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ४,००,००० |

५७ **समानिकरण अनुदानबाट चालु खर्चः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७७।७८, च.नं.५६३ मिति २०७८।३।३० को वित्तिय समानिकरण अनुदान प्रयोग सम्वन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको प.सं.२०७७।७८, च.नं.१२१ मिति २०७८।३।२७ को परिपत्र अनुसार अर्थ मन्त्रालयको २०७८।३।२५ को निर्णयले वित्तीय सामानिकरण अनुदानको रकमबाट करार सेवामा मासिक पारिश्रमिक भूक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न नमिल्ने उल्लेख छ ।शिक्षा नियमावली २०५९ को अनुसुचि ३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी सङ्ख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ। दरवन्दी बमोजिम सामुदायिक विद्यालयहरु पदपूर्ति नभई नियमित पठनपाठनमा असर पर्ने अवस्था सृजना भएमा आन्तरिक श्रोतबाट करारमा शिक्षक राख्न सकिनेमा निम्न विद्यालयहरुमा दरवन्दी बमोजिम पदपुर्ती तथा न्यून विद्यार्थी रहेको अवस्थामा समेत तर पालिकाले निम्नानुसारको शिक्षक राखि वित्तीय समानीकरण अनुदानबाट रु. ५६७८०००।०० खर्च लेखेकाले नियमसम्मत नदेखिएको रु

| सिनं | विद्यालयकोनाम | संघीय शिक्षक | विद्यार्थी संख्या | अनुपात | गापा शिक्षक अनुदान |
|---|---|---|---|---|---|
| १ | वुद्ध माध्यमिक विद्यालय मिल्चे | ६ | १०७ | १:१८ | ४८०००० |
| २ | सरस्वतीआवसिय विद्यालय मिम्चे | ५ | ११४ | १:२३ | ३६०००० |
| ३ | रक्तआधारभुत विद्यालय खजुरिवेशी | ४ | ८९ | १:२२ | ४८०००० |
| ४ | जनहित मावि मिम्चे महाँकाल | ६ | २२८ | १:३८ | ४८०००० |
| ५ | वीरआधारभुत विद्यालय | ३ | ६८ | १:२३ | ९६००० |
| ६ | हनुमानशक्ति आधारभुत विद्यालय डाडागाउ | २ | ५२ | १:२६ | ९६००० |
| ७ | भैरव आधारभुत विद्यालय फलामेटार | २ | ८१ | १:४० | १०८००० |
| ८ | देवीस्थान आधारभुत विद्यालय फलामेटार | ४ | ११८ | १:२९ | ३६०००० |
| ९ | कुमारी माध्यमिक विद्यालय जगथली | ११ | ३८९ | १:३५ | ६००००० |
| १० | वालविकास माध्यमिक विद्यालय फलामेटार | १० | २८५ | १:२८ | २८०००० |
| ११ | शारदा माध्यमिक विद्यालय सल्धारा | ७ | २६८ | १:३८ | ४८०००० |
| १२ | भृकुटी माध्यमिक विद्यालय चित्रसौर | ७ | १९३ | १:२८ | ४८०००० |
| १३ | धनज्योतिमा वि फलामेटार | ७ | ४०५ | १:५८ | ४८०००० |
| १४ | महादेवस्था आधारभुत विद्यालय फलामेटार | ५ | १४८ | १:३० | ३६०००० |
| १५ | जनविकास माध्यमिक विद्यालय ताढुङ्गा | २१ | ५४० | १:२६ | २५०००० |
| १६ | बासपुरआधारभुत विद्यालय | २ | ९५ | १:४७ | ९६००० |
| १७ | ज्ञानज्योती आधारभुत विद्यालय | २ | ३९ | १:१९ | ९६००० |
| १८ | तालेश्वरी आधारभुत विद्यालय | ३ | ९९ | १:३३ | ९६००० |
|  | जम्मा | १०८ | ३३२२ | १:३१ | ५६७८००० |

| | |
|---|---|
| अनियमित भएको | ५६,७८,००० |

५८ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो विविधतर्फ रु.१९०३००५ ।०० खर्च गरेको मध्ये खाना खाजा तर्फ रु.४५१८१४।०० खर्च गरेकोले उक्त रकम आन्तरिक आय रु. १२६७९१६.३९ को तुलनामा ३५.६३ प्रतिशत रहेको छ। विविध खर्च तर्फ खाना खाजा अतिथि सत्कार वाहेक मसलन्द खर्च, सवारी साधन मर्मत, अनुगमन तथा मूल्यांकन भ्रमण खर्च लगायत सानातिना खर्च रु.१४५११९१।०० समेत समावेश छ । विविध खर्च तर्फ सामान्यतया खाना खाजा तथा अतिथि सत्कार खर्च समावेश गर्ने गरी खर्च लेख्नुपर्दछ । कार्यविधि र मापदण्ड बेगर भएका यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

५९ **वडा भवनको डिपिआरः**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा (५) बमोजिम सार्वजनिक निकायको संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन गर्ने जस्ता कार्य गर्दा परामर्शदाताबाट गराउन नहुने उल्लेख छ । पालिका अन्तरगत २ नं वडा कार्यालय भवन निर्माण गर्न परामर्शदाता जि.आई.सि.सि इन्जिनियरिङ सोलुसन कम्पनी प्रा लि बाट डिपिआर तयार गर्न लगाई रु.९९२७०५.०० भुक्तानी गरेको छ । गत विगत बर्षमा वडा नं ३, ४ र ५ नं वडा कार्यालय निर्माण गरेको डिजाइन बमोजिम नै सबै वडा कार्यालय निर्माण गर्ने पालिकाले जनाएको र वडा नं २ का कार्यालय भवन पनि सो बमोजिम निर्माण गर्ने जनाएको छ । पालिकामा २ जना इन्जिनियर रहेको अवस्थामा अन्य वडा निर्माण गर्दा तयार भएको डिजाइनमा साधारण परिवर्तन गर्न परे आफैले गर्न समेत सक्ने अवस्थामा पालिकाले परामर्शदाताबाट कार्य गराउनु उचित देखिएन ।

६० **पदाधिकारी इन्धन सुविधाः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन ( संशोधन समेत) २०७५ अनुसार सेवा सुविधा प्रदान गर्दा तोकिएको अनुसुचीको आधारमा मात्र दिनुपर्ने व्यवस्था रहेको छ । गाँउपालिका अध्यक्ष तथा उपाध्यक्षले इन्धन सुविधा मासिक रुपमा ८० लिटरका दरले बार्षिक ९६० लिटर डिजेल/ पेट्रोल पाउनेमा देहाय अनुसार बढी उपलब्ध गराएकोले औषत प्रति लिटरको १५२ का दरले रु ४४९१६०।०० बढी खर्च भएको देखियो । सो सम्वन्धमा पालिकाले छलफलको क्रममा अतिथि आवतजावतमा र कार्यालय प्रयोजनमा प्रयोग हुने,भौगोलिक रुपमा अति विकटता क्षेत्रमा अनुगमन गर्नुपर्ने र प्रदेश राजधानी हेटौडा अफिस कामकाजमा बढी जान परेकोले बढी खर्च हुन गएको जनाएको छ । कार्यालयको काम र अतिथिको लागि प्रयोग हुँदा सोहि प्रयोजनमा खुल्ने गरी लगबुक राख्नुपर्ने र प्रमुख तथा उपप्रमुखले प्रयोग गरेको समयमा अलग लगबुक राखी इन्धन खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| सि नं | पदाधिकारी | सवारीसाधन | सुविधा परीमाण | सुविधा लिएको | बढी खर्च परिमाण | औषत मुल्य | फरक परिमाणको मुल्य |
|---|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | गाडी | ९६० लि | २६२५ | १६६५ | १५२ | २५३०८० |
| २ | उपाध्यक्ष | गाडी | ९६० लि | २२५० | १२९० | १५२ | १९६०८० |
| जम्मा | | | | | | | ४४९१६० |

६१ **पोशाक सुविधा**

कर्मचारीलाई चैत्र महिनाको पारश्रमिक भुक्तानी गर्दा पोशाक खर्च रु.१००००।०० समेत भुक्तानी दिने व्यवस्था भएको र पे रोलमा उक्त सुविधा भूक्तानी भएको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत श्री जिवन गैरेलाई रु.५८५०।०० ब्लेजर सुट सिलाई गरी सुविधा उपलब्ध गराएकोले असूल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८५० |

६२ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका ८ नाफामूलक संस्थालाई कृषि सम्बन्धी

कार्यका लागि , कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएकोले अनुदानको लाभ लागत विष्लेक्षण तथा अनुगमन हुनुपर्दछ ।

| क्र सं | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|---|
| **कृषि** | | | |
| १ | सिमलटार जनएकता कृषक समूह | **कफीमा जसको उत्पादन उसैलाई अनुदान कार्यक्रम** अतर्गत एक केजि उत्पादन गरे बापत रु. ३५ को दरले समूहमार्फत अनुदान वितरण | १,३९,०६७.९५ |
| २ | ग्रिन तारा कृषक समूह | | ८६,३६८.८ |
| ३ | बाँसपुर कफी उत्पादन कृषक समूह | | १,४४,३७५ |
| ४ | कोदाखोरिया कफी उत्पादक सहकारी संस्था लिमिटेड | | ५,४०,२०५.७५ |
| ५ | सानुखोला कफि कृषक समूह | | १,२३,७९३.९५ |
| ६ | घैयाखोरिया कृषि तथा पशुपंक्षी कृषक समूह | | ७८,२८८.३५ |
| ७ | चाकल भिमसेन कृषक समूह | | ३०,२६८ |
| ८ | फलामेटार कफि उत्पादक कृषक समूह | | ८३,२२५.४५ |
| ९ | महादेवटार कफि कृषक समूह | | १,५८,६७७.०५ |
| १० | मञ्जुश्री कृषक समूह | | २,८६,६४३.३५ |
| ११ | पिपलवोट कफी उत्पादक सहकारी संस्था लिमिटेड | | २,३७,८७९.९५ |
| १२ | मिल्चे साना किसान कृषक समूह | | ८४,०५०.७५ |
| १३ | पाखाटोल कृषक समूह | | ८,१५५ |
| १४ | सरस्वती कफी तथा कृषक समूह | | १७,१२९ |
| १५ | दिपज्योति कृषि तथा पशुपंक्षी कृषक समूह | | ६९,४४० |
| १६ | सहयात्री कृषि तथा पशुपंक्षी कृषक समूह | | १,७९,६९० |
| १७ | प्रगतीशिल महिला कृषक समूह | | ७,८०५ |
| १८ | कोम्हेन्दो कृषक समूह | | १८,७९५ |
| १९ | साल्मे कृषक समूह | | २९,१५५ |
| | **जम्मा** | | **२३२३०१३.३५** |

६३ **सशर्त तलब बापतको रकम रकमान्तर गरी खर्च**

नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. १ प.सं. २०८०।८१ को मिति २०८०।०४।१ मा आर्थिक वर्ष २०८०।०८१ को अन्तरसरकारी वित्तीय हस्तान्तरण कार्यन्वयन सम्बन्धी व्यवस्था र मार्गदर्शन सम्बन्धी परिपत्रको वुँदा न ६ मा स्थानिय तहले सशर्त अनुदान वापत

हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोहि योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यन्वयन गर्नुपर्ने, त्यस्तै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन ( सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम ) २०७९/८० अनुसार कर्मचारीहरुको तलब, महगी भत्ता, स्थानीय भत्ता, पोशाक लगायत अनिवार्य दायित्व पर्याप्त रकम विनियोजन नगरी यस शिर्षकबाट अन्य शिर्षकमा रकम विनियोजन गर्न नपाउने उल्लेख छ । तर पालिकाले संघीय सशर्त अनुदान चालु अन्तर्गत स्थानिय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी लगायतका कर्मचारीको स्वीकृत दरवन्दी अनुसारको तलब भत्ता को अतिरिक्त निम्न बमोजिमका खर्च शिर्षकमा रकम रु.३२,१५,८९१।०० खर्च गरेकोले नियमसम्मत नदेखिएको रु

| गोश्वारा भौचर मिति | कार्यक्रम | रकम रु |
|---|---|---|
| ५८ ०८०।१०।१२ | कार्यालय खाजा खर्च | ७०३५५ |
| ५७०८०।०९।२६ | फुटवल जर्सी खरिद | ३२१०० |
| ६९ ०८०।११।१६ | घर भाडा | ४०००० |
| ७२ ०८०।११।१६ | दैनिक भ्रमण भत्ता | ३५७०० |
| ७३ ०८०।११।१६ | दैनिक भ्रमण भत्ता | ४५००० |
| ७४ ०८०।११।१६ | दैनिक भ्रमण भत्ता | ६७५०० |
| ७५ ०८०।११।१६ | दैनिक भ्रमण भत्ता | ४२५०० |
| ७६ ०८०।११।१६ | दैनिक भ्रमण भत्ता | ४१५०० |
| ७७ ०८०।११।१६ | दैनिक भ्रमण भत्ता | ४७५०० |
| ८२ ०८०।११।२३ | कार्यालय सामान | ७६५०९५ |
| ८३ ०८०।११।२३ | दैनिक भ्रमण भत्ता | ३२००० |
| ८८ ०८०।११।२६ | डोर हाजिरी वापत भुक्तानी | ९९३३० |
| ९०।०८०।१२।०१ | सम्झौता बमोजिम प्राईम एफ एम लाई भुक्तानी गत वर्षको दायित्व भुक्तानी | २०४००० |
| ७०।०८०।११।०७ | वडा नं ५ फर्निचर निर्माण | ६२१५० |
| १०७।१२।२२ | सूचना प्रकाशन | १२८१४२ |
| १०८।०८०।१२।२३ | सवारी साधन मर्मत | ८१८७३ |
| १०९।०१२।२२ | सवारी साधन मर्मत | १२७०१ |
| ११०।०१२।२२ | सवारी साधन मर्मत | ६८७२० |
| १११।१२।२२ | दैनिक भ्रमण भत्ता | १३७५० |
| १२७।०३।०७ | घर भाडा | ४६००० |
| १३३।०३।०९ | सवारी भाडा कर्मचारी पुर्याउन | ३४००० |
| १५३ ०८०।०३।१९ | दैनिक भ्रमण भत्ता | ४७५०० |
| १५४ ०८०।०३।१९ | दैनिक भ्रमण भत्ता | २६१०० |
| १५५ ०८०।०३।१९ | विभिन्न सामान | १०९५० |
| १५६।०८०।०३।२० | कार्यालय समान खरिद | २२७०० |
| १५८ ०८०।०३।२० | कृषि स्नातक करारको छुट तलब | २०७९ |
| १५९ ०८०।०३।२१ | दैनिक भ्रमण भत्ता कर्मचारि ढुवानी | २०४० |
| १६० ०८०।०३।२१ | दैनिक भ्रमण भत्ता कर्मचारि ढुवानी | २७०० |
| १६२ ०८०।०३।२१ | दै भ्रमण भत्ता | २७०० |
| १६३ ०८०।०३।२२ | रेनकोट खरिद | २२३२०६ |
| | | |

| | | |
|---|---|---|
| १६४ ०८०।०३।२२ | कार्यालय सामान | ६००० |
| १८३ ०८१।०३।२२ | कार्यालय समाग्री | ९००००० |
| | | ३२१५८९१ |

| | |
|---|---|
| अनियमित भएको | ३२,१५,८९१ |

६४ **गाडी भाडा भुक्तानी** (१४७-२०८१-३-१८):

पालिकाले स्थानियतह मातृ तथा नवजातशिशु कार्यक्रम सञ्चालन अन्तरगत जनस्वास्थ्य कार्यालय धुलिखेलबाट खोप ढुवानी वापत सवारी चालक हिरा बहादुर तामाङलाई भुक्तानी भएको भरपाई बमोजिम स्वास्थ्य कर्मचारी श्री रन्जु कोईरालालाई रु ३४०००।०० सोधभर्ना भुक्तानी भएको देखिएको छ। खोप ढुवानी वापत जनस्वास्थ्य कार्यालयबाट ढुवानी खर्च लेख्नुपर्नेमा गाउँपालिकाबाट ढुवानी वापत भुक्तानी भएकोले जन स्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक देखि खानीखोला खोपकेन्द्र सम्म खोप ढुवानी वापतको भाडा भुक्तानी जनस्वास्थ्य कार्यालय काभ्रेबाट नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,००० |

६५ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा १६ वटा योजना सञ्चालन गरी यस वर्ष ८५ जनालाई औसत ७० दिनले ५९५० दिन रोजगारी उपलव्ध गराई रु ४३,३८,८७५/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे/ नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६६ **स्वास्थ्य संस्था अनुदानः**

आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत बजेट खर्च रु १२४०००।०० मध्ये सालधारा स्वास्थ्य चौकीलाई जाने स्वास्थ्य अनुदान चौकी ईन्चार्ज राम कुमार रामको नाममा रु ६००००।०० भुक्तानी भएकोमा सम्बन्धीत संस्थामाको खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रकम रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००० |

६७ **स्यानिटरी प्याडः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७६१ जना रहेका छन। पालिकाले आर्थिक बर्ष २०८०।८१ मा आपुर्तिकर्ता ओसन सर्जिकल एण्ड मेडिकल सप्लायर्सबाट स्यानिटरी प्याड १०२३३ थान रु.८१८६४०।०० खरिद गरी विद्यालयलाई वितरण गरेकोमा गुणस्तर परीक्षण गरेको देखिएन। स्यानिटरी प्याडको विद्यालयमा भएको विवरण, भण्डारण अवस्तथा तथा विद्यालयले छात्राहरुलाई वितरण गरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ।

## ६८ शिक्षक दरवन्दी र पदपूर्तिः

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति मध्य स्थायी | पदपूर्ति मध्ये करार | राहात | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | ३६ | १४३ | ५३ | ४५ | ४५ | ३९६४ |

पालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:२८ रहेको देखिन्छ। अतः शिक्षक विद्यार्थी अनुपात मिलाउन विद्यालय मर्ज गर्ने र भौगोलिक कठिनाइले सम्भव नभएकोमा कक्षा संख्या घटाइ शिक्षक व्यवस्थापन गर्नुपर्दछ ।

## ६९ शिक्षक विद्यार्थी अनुपातः

शिक्षा नियमावली २०५९ को नियम ४ बमोजिम विद्यालय खोल्नको लागि सामुदायिक विद्यालयमा अनुसुचि ३ बमोजिमको पुर्वाधार हुनुपर्ने व्यवस्था छ।अनुसुचि ३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी सङ्ख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ।विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहायबमोजिम रहेको छ।

| क्र.सं. | विद्यालयको संख्या | विद्यार्थी | शिक्षक पदपुर्ती | अनुपात |
|---|---|---|---|---|
| १ | भृकुटी मावि | १९३ | ७ | १:२७ |
| २ | वीर प्रावि | ६८ | ३ | १:२२ |
| ३ | श्री जनता आधारभूत विद्यालय | ३६ | २ | १:१८ |
| ४ | कुमारी मावि | ३९५ | ११ | १:३५ |
| ५ | कुमारी प्रावि | ३१ | २ | १:१५ |
| ६ | श्री हनुमान शक्ति प्रावि | ५२ | २ | १:२६ |
| ७ | केन्द्र ज्योति प्रावि | ४४ | २ | १:२२ |
| ८ | ज्ञानज्योति प्रावि | ३९ | २ | १:१९ |
| ९ | श्री देवस्थान आधारभूत विद्यालय | ११८ | ४ | १:२९ |
| १० | बालविकास मावि | २८५ | १० | १:२८ |
| ११ | अन्तर ज्योति प्रावि | ७९ | २ | १:३९ |
| १२ | धर्नेज्योति मावि | ४०५ | ७ | १:५७ |
| १३ | महादेवस्थान आधारभूत विद्यालय | १४८ | ५ | १:२९ |
| १४ | श्री सेतीदेवी प्राथमिक विद्यालय | २९ | २ | १:१४ |
| १५ | श्री जनशक्ति प्राथमिक विद्यालय | ३७ | २ | १:१८ |
| १६ | श्री कालिका आधारभूत विद्यालय | २७ | २ | १:१३ |
| १७ | भैरव आदर्श विद्यालय | ८१ | २ | १:४० |
| १८ | श्री महेन्द्र प्राथमिक विद्यालय | ३८ | ३ | १:१२ |
| १९ | रक्ताआधारभूत विद्यालय | ८९ | ४ | १:२२ |
| २० | सीता प्रावि | २४ | १ | १:२४ |
| २१ | जनहित मावि | २२८ | ६ | १:३८ |
| २२ | श्री बुद्ध माध्यमिक विद्यालय | १०७ | ६ | १:१७ |
| २३ | सरस्वतीआधारभूत विद्यालय | ११४ | ५ | १:२२ |
| २४ | जनचेतना आधारभूत विद्यालय | ३५ | २ | १:१७ |
| २५ | ज्वालादेवीआधारभूतविद्यालय | १३ | १ | १:१३ |
| २६ | गणेश आधारभूत विद्यालय | १३ | १ | १:१३ |
| २७ | महादेवस्थान प्रावि | ३७ | २ | १:१८ |
| २८ | राम गोपालआधारभूत विद्यालय | ७ | २ | १:३ |
| २९ | बसपुर प्रावि स्कुल | ९५ | २ | १:४७ |
| ३० | जनप्रियाआधारभूत विद्यालय | ७३ | ३ | २४ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | शारदा मावि | २६८ | ७ | ३८ |
| ३२ | श्री ज्ञानकुञ्ज आधारभूत विद्यालय | २६ | २ | १३ |
| ३३ | तालेश्वरी आधारभूत विद्यालय | ९९ | ३ | ३३ |
| ३४ | नेत्रज्योति प्रावि | ६५ | ३ | २१ |
| ३५ | जनविकास माध्यमिक विद्यालय | ५४० | २१ | २५ |
| ३६ | भञ्ज्याङ आधारभूत विद्यालय | २६ | २ | १३ |
| | जम्मा | ३९६४ | १४३ | १:२८ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा ३६ वटा विद्यालयमा शिक्षक दरबन्दी रहेकोमा विद्यार्थी संख्या ३९६४ रहेको देखिन्छ भने पालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:२८ रहेको देखिन्छ । विद्यालय मर्ज गर्ने र भौगोलिक विकटताले नमिल्ने स्थानमा कक्षा घटाई शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

७० **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९ को दफा ७ ख (२) , स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८क (५) तथा बागमती प्रदेश स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा ६९(५) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यस वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालुबाट रु ४९३७९३७।४५, स्वास्थ्य तर्फ रु १४८१२६०३।४७ र पालिकाकातर्फ रु २३५५१३७१।३६ समेत रु ४३३०१९१२।२८खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

७१ **बिउँ पुजि हस्तान्तरण:**

पालिकाले जनजागरण नेपालसँगको सम्झौता बमोजिम तालिम गृहणी महिलाका लागि २ वटा सावुन बनाउने तालिम र १ वटा अचार बनाउने सीप मुलक तालिम सञ्चालन तथा सोहि अन्तर्गत छ वटा महिला समुहलाई विउँपुजी हस्तान्तरण गरेका छन्। गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यन्वयन कार्यविधि २०८० को बुँदा १८ मा गृहणी महिलाबाट उत्पादित सामाग्रीहरुको खरिद तथा विक्रीका लागि कार्यक्रम सञ्चालन भएको पालिकाको समन्वयमा खरिद र विक्रीको व्यवस्था गरिने उल्लेख छ। तालिम सञ्चालनको लागि रु. ६४८३१०।०० बरावरको कच्चा तथा तालिम सामाग्री पेश भएकोमा उत्पादित भएका सामाग्री विक्री वितरण भए नभएको एकिन हुन सकिएन।उत्पादित सामानको प्रसार प्रसार विक्री विवरण गर्ने तथा बजारीकरणको व्यवस्था पालिकाले गर्नुपर्ने तथा तालिमको लागि तालिमको समयमा खरिद भएका जिन्सी सामाग्रीको यथोचित उपयोग सहित व्यवस्थापन गरेको पाईएन।

७२ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ वटा बर्थिङ सेन्टरमा आर्थिक वर्ष २०७९।८० मा न्यानो झोला ८८७ थानको रु ७९४.८५ दरले रु ७९६६८२।०० ( मु.अ.कर समेत) मा खरिद गरी मौज्दातमा रहेकोमा आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा न्यानो झोला खरिद गरेको पाइएन। गत वर्ष १३१ जना र यस वर्ष १३० जना गरी जम्मा २६१ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ६२६ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७३ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।साथै नियमावलीको उपनियम ८४ १क मा पचासलाख सम्मको औषधीजन्य मालसमान खरिद गर्दा सिलबन्दी दरभाउपत्रबाट गर्न सकिने व्यवस्था छ। यस वर्ष पालिकाले संघीय स्रोतबाट रु ३७८९३२३।०० को औषधी खरिद गरेको देखियो।

| सि नं | भौ मिति | सप्लायर्स | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २०८०/११/१९ | भिमदेवी सप्लायर्स | ३७८९३२३ | सिलबन्दी दरभाउपत्र |

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

७४ **भरपाई नभएको** (५१-२०८०-९-११):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा वील भरपाई सहित खर्च पुष्टाई गर्ने कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ।पालिका स्तरिय स्वास्थ्य संस्थाको मासिक बैठक संञ्चालन गर्दा राम पुकार यादव लाई भुक्तानी भएको रकम रु ११२७५०।०० मध्ये रु १५३००।०० सम्बन्धीत कर्मचारीले रकम बुझिलिएको भरपाई पेश नभएकोले रकम बुझेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,३०० |

७५ **सम्झौता अनुरुप खर्चः**

पालिकाले आधारभुत आकस्मिक स्वास्थ्य सेवाको औषधी खरिद तथा सप्लाई अन्तर्गत सिलबन्दी दरभाउपत्र अनुसार भिमदेवी मेडिसिन सप्लायर्ससँग खरिद भएका औषधी सामानहरु ढुवानी वापत रु ६००००।०० खर्च लेखेको देखियो। दरभाउपत्रको प्रस्ताव तथा सम्झौतको विवरण तथा फर्मले अन्तिम भुक्तानीका लागि पेस गरेको निवेदनमा समेतमा मेडिसिन सामानको आपुर्ति गरि सम्झौता बमोजिमको रकम आपूर्तिकर्तालाई भुक्तानी भई सकेको अवस्थामा सोहि कार्यका लागि पुनः चालक अनिल श्रेष्ठलाई भाडा वापत रु.६००००।०० भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

७६ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले सानिमा बैङ्क मार्फत ७ वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिदा बैङ्कलाई रु.४६०८५७०१।०० निकासा भएकोमा रु ४४६००१७६।०० वितरण भई बैंकमा बाकी रहेको रकम रु १४८५५२५ र गत वर्षको भत्ता वितरणमा निष्कृय खातामा रहेको रकम रु ३६९८६२५४।१९ समेत जम्मा रु ३८४७१७७९।१९ संघीय संचित कोषमा दाखिला भएको देखिन्छ। खातामा निष्कृय रहेको रकम यकिन गरी समयमा नै संघीय संचित कोषमा दाखिला गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक , खानीखोला गाउँपालिका , काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धनेन्द्र भुजेल | २०८०-२-११ | २०८१-१-२ |
| कार्यालय प्रमुख | जिवन गैरे | २०८१-१-१२ | २०८१-५-१३ |
| कार्यालय प्रमुख | जिवन राज अर्याल | २०८१-१०-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शेखर भुषाल | २०७८-१-३ | २०८१-५-२५ |
| लेखा प्रमुख | प्रकाश कोइराला | २०८१-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बम बहादुर वि.क. | २०७८-१०-२५ | २०८१-३-३० |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५१३,३३९ | १६,८१०,४५०.४८ | २८,८२६,५०३.२९ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४६,१५०,२९२.७७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४६,१५०,२९२.७७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४४७२७२६०.१९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५८९१८००० | चालु खर्च | २४७२४०८५२.१६ |
| प्रदेश सरकारबाट अनुदान | ९३४५४००० | पूँजीगत खर्च | २०६४५१३७५.०४ |
| राजश्व बाँडफाँट | ८८२१५१०२ | वित्तीय/अन्य व्यवस्था | ८२३३८८२१.२५ |
| आन्तरिक आय | १२६७९१६.३९ | | |
| अन्य आय | ४९७५०१६६ | | |
| कुल आय | ४९१६०५१८४.३९ | कुल खर्च | ५३६०३१०४८.४५ |
| बाँकी मौज्दात | | ३०१३९६.१३ | |

## अनुसूची - २

## बेरूजु दफा २१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| घटाउने | | | | |
|---|---|---|---|---|
| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत समूह | रकम |
| १ | ८०३२६५०११०१ | ब्याक व्हो लोडर खरिद | अन्तरिक श्रोत | ५,००,०००.०० |
| २ | ८०३२६५०११०१ | सामुदायिक वन परिचालन तथा व्यवस्थापन कार्यक्रम | अन्तरिक श्रोत | २,००,०००.०० |
| ३ | ८०३२६५०११०१ | सवारी साधन खरिद (चार पाङ्ग्रे र दुई पाङ्ग्रे समेत) | अन्तरिक श्रोत | ४०,००,०००.०० |
| ४ | ८०३२६५०११०१ | तालढुङ्गा स्वास्थ्यचौकी फ्रिज सञ्चालन इन्धन खरिद | अन्तरिक श्रोत | ८७,०००.०० |
| ५ | ८०३२६५०११०१ | इलाका प्रशासन कार्यालय स्थापना तथा सञ्चालन कार्यक्रम | अन्तरिक श्रोत | २,००,०००.०० |
| ६ | ८०३२६५०११०१ | आमा समूहहरूको लागि अभिमुखीकरण कार्यक्रम | अन्तरिक श्रोत | २,००,०००.०० |
| ७ | ८०३२६५०११०१ | गाउँपालिका प्रशासकीय भवन जग्गा सट्टा भर्ना | अन्तरिक श्रोत | ५,००,०००.०० |
| ८ | ८०३२६५०११०१ | आदिवासी जनजाति उत्थानसँग सम्बन्धित विविध कार्यक्रम | अन्तरिक श्रोत | १,००,०००.०० |
| ९ | ८०३२६५०११०१ | संघिय सरकार तथा प्रदेश सरकार देखि विनियोजति संमपुरक योजनाहरुको ५० प्रतिशत साझेदारी रकम एकमुष्ट | अन्तरिक श्रोत | २,१६,१३,०००.०० |
| १० | ८०३२६५०११०१ | डिजिटल नोटीस डिस्प्ले बोर्ड | अन्तरिक श्रोत | ७,००,०००.०० |
| ११ | ८०३२६५०११०१ | बागमती प्रदेश युवा स्वरोजगार साझेदारी कार्यक्रम | अन्तरिक श्रोत | ५,००,०००.०० |
| १२ | ८०३२६५०११०१ | खानीखोला फुटबल संघ मार्फत अफिसियल फुटबल प्रतियोगितामा सहभागी दैनिक भत्ता र प्रतियोगिता आयोजना कार्यक्रम | अन्तरिक श्रोत | १,१४,१००.०० |
| १३ | ८०३२६५०११०१ | देछेन्लिङ गुम्बा निर्माण योजना, बासँपुर | अन्तरिक श्रोत | २,००,०००.०० |
| १४ | ८०३२६५०११०१ | भुटवन-घुम्ती-हर्जन सडक स्तरोन्नति | अन्तरिक श्रोत | ३,००,०००.०० |
| १५ | ८०३२६५०११०१ | गाउँपालिका वैकल्पिक प्रशासकीय ट्रस्ट भवन निर्माण योजना | अन्तरिक श्रोत | ४०,००,०००.०० |
| १६ | ८०३२६५०१२०१ | दयागाउँ भलिबल ग्राउन्ड निर्माण योजना | संघीय सरकार | २,००,०००.०० |
| १७ | ८०३२६५०१२०१ | भैरव आधारभूत विद्यालय भवन निर्माण योजना | संघीय सरकार | २,००,०००.०० |
| १८ | ८०३२६५०१२०१ | खानीखोला फुयालडाँडा लिफ्ट सिंचाइ योजना | संघीय सरकार | ५,००,०००.०० |
| १९ | ८०३२६५०१२०३ | बाङ्गे-सिरानटोल-आहाले सडक स्तरोन्नति | संघीय सरकार | ४,००,०००.०० |
| २० | ८०३२६५०१२०३ | चित्रे-वाइवा टोल सडक स्तरोन्नति | संघीय सरकार | २,००,०००.०० |
| २१ | ८०३२६५०१२०५ | खानीखोला-५ युवा व्यवसाय प्रवर्द्धन कार्यक्रम | संघीय सरकार | २,५०,०००.०० |
| २२ | ८०३२६५०१२०५ | सालघारी मुहान-बलटोल खानेपानी ट्याङ्की निर्माण योजना | संघीय सरकार | १,००,०००.०० |
| २३ | ८०३२६५०१२०५ | गैरीखोला-छखुट्टे सडक सोलिङ निर्माण योजना | संघीय सरकार | १,००,०००.०० |
| २४ | ८०३२६५०१२०६ | खाडीभन्ज्याङ-पैभन्ज्याङ सडक स्तरोन्नति | संघीय सरकार | १,५०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २५ | ८०३२६५०१२०६ | रामगोपाल आ.वि. भवन मर्मत सुधार योजना | संघीय सरकार | १,००,०००.०० |
| २६ | ८०३२६५०१२०६ | च्योमनडाँडा-निगाले-खोरभन्ज्याङ सडक स्तरोन्नति | संघीय सरकार | ५,००,०००.०० |
| २७ | ८०३२६५०१२०७ | रक्त आ.वि. महाङ्खालथान मोटरबाटो नयाँ ट्र्याक ओपन योजना | संघीय सरकार | २,००,०००.०० |
| २८ | ८०३२६५०१२०७ | बाघभैरव एकादशीथान नयाँ मन्दिर निर्माण योजना | संघीय सरकार | २,००,०००.०० |
| | | | | ३,६३,१४,१००.०० |
| | | | | |
| बढाउने | | | | |
| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत समूह | रकम |
| १ | ८०३२६५०११०१ | ३ नं. वडा कार्यालयको जग्गा सम्याउने | अन्तरिक श्रोत | २,००,०००.०० |
| २ | ८०३२६५०११०१ | माझिटार भित्रि सडक स्तरोउन्नती | अन्तरिक श्रोत | २,५०,०००.०० |
| ३ | ८०३२६५०११०१ | दलित अल्पसंख्यक अतिविपन्न परिवारका विधार्थीका लागि छात्रवृती कार्यक्रम थप | अन्तरिक श्रोत | १,००,०००.०० |
| ४ | ८०३२६५०११०१ | सवारी साधन मर्मत खर्च | अन्तरिक श्रोत | १९,१४,०००.०० |
| ५ | ८०३२६५०११०१ | ४ नं. वडा भरीलाई पाइप खरिद तथा वितरण | अन्तरिक श्रोत | २,००,०००.०० |
| ६ | ८०३२६५०११०१ | सौराडाँडा थिङटोल सडक निर्माण | अन्तरिक श्रोत | २,००,०००.०० |
| ७ | ८०३२६५०११०१ | हनुमान शक्ति शौचालय निर्माण दायित्व भुक्तानी | अन्तरिक श्रोत | २,००,०००.०० |
| ८ | ८०३२६५०११०१ | देविस्थान मन्दिर व्यवस्थापन लामिदुवाली | अन्तरिक श्रोत | २,००,०००.०० |
| ९ | ८०३२६५०११०१ | सतभैया आरण सुधार कार्यक्रम-6 | अन्तरिक श्रोत | १,००,०००.०० |
| १० | ८०३२६५०११०१ | कोन्छ्योक्सोम तामाङ लामा घेदुङ खानीखोला ५ द्वारा आयोजित लामाहरुको तालिम | अन्तरिक श्रोत | ५,००,०००.०० |
| ११ | ८०३२६५०११०१ | सवारी साधन इन्धन | अन्तरिक श्रोत | १०,००,०००.०० |
| १२ | ८०३२६५०११०१ | ठाडे प्रतिक्षालय निर्माण | अन्तरिक श्रोत | ३,००,०००.०० |
| १३ | ८०३२६५०११०१ | बालविकास आ.बि. घेरावार | अन्तरिक श्रोत | ६,००,०००.०० |
| १४ | ८०३२६५०११०१ | मिल्चे धाप्ले ताम्बा हयुल्खोर संस्थाहरुद्धारा आयोजित ल्होसार कार्यक्रम | अन्तरिक श्रोत | १,००,०००.०० |
| १५ | ८०३२६५०११०१ | अन्तरडाँडा जाने बाटो निर्माण | अन्तरिक श्रोत | ५,००,०००.०० |
| १६ | ८०३२६५०११०१ | गाउँपालिकाको शैक्षिक क्यालेण्डर निर्माण | अन्तरिक श्रोत | १,००,०००.०० |
| १७ | ८०३२६५०११०१ | खजुलीवेसी घट्टेदमार पुलुर्ङ खोला सडक निर्माण | अन्तरिक श्रोत | ३,००,०००.०० |
| १८ | ८०३२६५०११०१ | देउरालीडाँडा बाँसपुर झर्ने बाटोको पसल अगाडी मेसिनरी वाल निर्माण योजना थप | अन्तरिक श्रोत | २,००,०००.०० |
| १९ | ८०३२६५०११०१ | अविरल साहित्य समाज | अन्तरिक श्रोत | १,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २० | ८०३२६५०११०१ | नागपानी जाने सडक वासघारी ग्याविन वाल | अन्तरिक श्रोत | २,००,०००.०० |
| २१ | ८०३२६५०११०१ | नयाँ वस्ती सडक ग्रावेल | अन्तरिक श्रोत | २,००,०००.०० |
| २२ | ८०३२६५०११०१ | कुटानी पिसान मेल उघोग-5 | अन्तरिक श्रोत | १,५०,०००.०० |
| २३ | ८०३२६५०११०१ | ज्वाला आ.बि.को चौर निर्माण योजना | अन्तरिक श्रोत | १,००,०००.०० |
| २४ | ८०३२६५०११०१ | लटीनी कवेरथान निर्माण | अन्तरिक श्रोत | २,००,०००.०० |
| २५ | ८०३२६५०११०१ | आपटार खानेपानी आयोजना थप | अन्तरिक श्रोत | ३,००,०००.०० |
| २६ | ८०३२६५०११०१ | खानीखोला गाउँपालिका ताल्धुंगा धार्मिक व्यवस्थापन समिति | अन्तरिक श्रोत | ६,००,०००.०० |
| २७ | ८०३२६५०११०१ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | अन्तरिक श्रोत | ५,००,०००.०० |
| २८ | ८०३२६५०११०१ | नमुनाडाँडा भित्रि सडक निर्माण | अन्तरिक श्रोत | २,००,०००.०० |
| २९ | ८०३२६५०११०१ | तल्लो थिङटोल सिँचाई निर्माण मकैवारी | अन्तरिक श्रोत | १,६०,०००.०० |
| ३० | ८०३२६५०११०१ | २ नं. वडा कार्यालय भवन निर्माण | अन्तरिक श्रोत | २०,००,०००.०० |
| ३१ | ८०३२६५०११०१ | नेवा संस्थाको साझेदारीमा बृहत खानेपानी योजनाको लागि थप | अन्तरिक श्रोत | ५६,००,०००.०० |
| ३२ | ८०३२६५०११०१ | हरियाली आमा समुह भवन निर्माण योजना | अन्तरिक श्रोत | २,००,०००.०० |
| ३३ | ८०३२६५०११०१ | जगथली पाखा मेसिनरी वाल निर्माण योजना | अन्तरिक श्रोत | २,००,०००.०० |
| ३४ | ८०३२६५०११०१ | अन्तरेडाँडा देविस्थान मन्दिर | अन्तरिक श्रोत | २,००,०००.०० |
| ३५ | ८०३२६५०११०१ | जुरे बाङगे खोला सम्मको सडक स्तरोउन्नती | संघीय सरकार | ४,००,०००.०० |
| ३६ | ८०३२६५०११०१ | जुरे बाङगे खोला सम्मको सडक स्तरोउन्नती | अन्तरिक श्रोत | १२,००,०००.०० |
| ३७ | ८०३२६५०११०१ | बाझगाउँ पहिरो नियन्त्रण | अन्तरिक श्रोत | १,५०,०००.०० |
| ३८ | ८०३२६५०११०१ | बुद्ध सिल मुर्ति व्यवस्थापन दायित्व भुक्तानी | अन्तरिक श्रोत | ७६,०००.०० |
| ३९ | ८०३२६५०११०१ | साल्घारी आधुनिक आरन सुधार थप | अन्तरिक श्रोत | १,५०,०००.०० |
| ४० | ८०३२६५०११०१ | सडक वोर्ड अन्तरगत सडकको लागि साझेदारी कार्यक्रम | अन्तरिक श्रोत | ५,००,०००.०० |
| ४१ | ८०३२६५०११०१ | एक वडा एक कृषि उत्पादन कार्यक्रम साझेदारी | अन्तरिक श्रोत | ५,००,०००.०० |
| ४२ | ८०३२६५०११०१ | टोके खानेपानी निर्माण योजना थप | अन्तरिक श्रोत | २,००,०००.०० |
| ४३ | ८०३२६५०११०१ | कुमारी मा.बि बाल कक्षा सुधार तथा व्यवस्थापन | अन्तरिक श्रोत | १,००,०००.०० |
| ४४ | ८०३२६५०११०१ | आकस्मिक सडक मर्मत संभार सुधार थप | अन्तरिक श्रोत | १०,००,०००.०० |
| ४५ | ८०३२६५०११०१ | मिल्चे आरण सुधार कार्यक्रम | अन्तरिक श्रोत | १,००,०००.०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४६ | ८०३२६५०११०१ | तमु ल्होसार कार्यक्रमको दायित्व भुक्तानी | अन्तरिक श्रोत | १,००,०००.०० |
| ४७ | ८०३२६५०११०१ | दलित आरण सुधार कार्यक्रम -२ थप | अन्तरिक श्रोत | १,००,०००.०० |
| ४८ | ८०३२६५०११०१ | आँपडाँडा मेसिनरी वाल निर्माण | अन्तरिक श्रोत | १,००,०००.०० |
| ४९ | ८०३२६५०११०१ | सार्कीडाँडा आहले गोरेटो बाटो निर्माण | अन्तरिक श्रोत | २,००,०००.०० |
| ५० | ८०३२६५०११०१ | ३ नं. वडा कार्यालय जाने बाटो सोलिङ | अन्तरिक श्रोत | १,००,०००.०० |
| ५१ | ८०३२६५०११०१ | रातमाटे खोल्सी खहरे नियन्त्रण ग्याविन | अन्तरिक श्रोत | ५,००,०००.०० |
| ५२ | ८०३२६५०११०१ | छतिवानडाँडा आकासघैला सडक निर्माण | अन्तरिक श्रोत | १,५०,०००.०० |
| ५३ | ८०३२६५०११०१ | गाउँपालिका स्तरीय डकुमेन्ट्री निर्माण | अन्तरिक श्रोत | ७,००,०००.०० |
| ५४ | ८०३२६५०११०१ | भुमेस्थान घर्तिडाँडा सडक निर्माण | अन्तरिक श्रोत | ३,००,०००.०० |
| ५५ | ८०३२६५०११०१ | दोमानडाँडा सिँचाई कुलो निर्माण योजना | अन्तरिक श्रोत | २,००,०००.०० |
| ५६ | ८०३२६५०११०१ | गाउँपालिका स्तरीय कक्षा 1-10 परिक्षा व्यवस्थापन खर्च | अन्तरिक श्रोत | ४,००,०००.०० |
| ५७ | ८०३२६५०११०१ | सुकमफेदी पाकडोल देउपाल महाकाल ताल्दुंगा सडक थप | अन्तरिक श्रोत | ८,००,०००.०० |
| ५८ | ८०३२६५०११०१ | बाहुनविर्ता सिँचाई ढुंगा फोर्ने | अन्तरिक श्रोत | ५,००,०००.०० |
| ५९ | ८०३२६५०११०१ | भाङटारखोप सडक निर्माण | अन्तरिक श्रोत | ४,००,०००.०० |
| ६० | ८०३२६५०११०१ | माझीटार रामबहादुर घलानको घरमुनि मेसिनरी वाल निर्माण | अन्तरिक श्रोत | १,५०,०००.०० |
| ६१ | ८०३२६५०११०१ | बाँसघारी जगथली सडक स्तरोउन्नती र ट्र्याक ओपन | अन्तरिक श्रोत | १२,००,०००.०० |
| ६२ | ८०३२६५०११०१ | नेत्रज्योती आ.बि को फर्निचर व्यवस्थापन | अन्तरिक श्रोत | १,५०,०००.०० |
| ६३ | ८०३२६५०११०१ | भिमसेनडाँडा ढोका सडकको पसलडाँडा सडक खण्ड स्तरोउन्नती थप | अन्तरिक श्रोत | २,००,०००.०० |
| ६४ | ८०३२६५०११०१ | संघ र प्रदेश संचित कोषमा फिर्ता | अन्तरिक श्रोत | ३,२५,८८,६५५.२५ |
| ६५ | ८०३२६५०११०१ | दोस्रो खानीखोला गाउँपालिका कप खेलकुद प्रतियोगिता आयोजना कार्यक्रम | अन्तरिक श्रोत | ६,१४,१००.०० |
| ६६ | ८०३२६५०११०१ | देछोलिङ गुम्बा मेसिनरी वाल निर्माण योजना बाँसपुर | अन्तरिक श्रोत | २,००,०००.०० |
| ६७ | ८०३२६५०११०१ | भुटवन घुम्ती हर्जन सडक स्तरोउन्नती दायित्व भुक्तानी | अन्तरिक श्रोत | ३,००,०००.०० |
| ६८ | ८०३२६५०११०१ | खानीखोला गाउँपालिका प्रशासकीय भवन निर्माण | अन्तरिक श्रोत | ४०,००,०००.०० |
| ६९ | ८०३२६५०१२०१ | भैरव आधारभूत विद्यालय घडेरी खन्ने | संघीय सरकार | २,००,०००.०० |
| ७० | ८०३२६५०१२०१ | फुयलडाँडा कफि खेती सिँचाई निर्माण | संघीय सरकार | ५,००,०००.०० |
| ७१ | ८०३२६५०१२०१ | वडा स्तरीय खेलकुद कार्यक्रम | संघीय सरकार | २,००,०००.०० |
| ७२ | ८०३२६५०१२०३ | चित्रे वाइवा टोल सडक ट्र्याक ओपन योजना | संघीय सरकार | २,००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ७३ | ८०३२६५०१२०५ | खहरे ठाडो गोरेटो बाटो निर्माण | संघीय सरकार | १,००,०००.०० |
| ७४ | ८०३२६५०१२०५ | स्याङतान कृषि तथा पशुफर्म गोठ सुधार योजना | संघीय सरकार | १,००,०००.०० |
| ७५ | ८०३२६५०१२०५ | ५ नं. वडा स्तरीय प्रोफाइल निर्माण | संघीय सरकार | १,५०,०००.०० |
| ७६ | ८०३२६५०१२०५ | कुशल मोवाइल मर्मत सेन्टर व्यवसाय प्रवर्द्धन | संघीय सरकार | १,००,०००.०० |
| ७७ | ८०३२६५०१२०६ | रामगोपाल आ.वि भवन सामाग्री खरिद | संघीय सरकार | १,००,०००.०० |
| ७८ | ८०३२६५०१२०६ | माझीटार-काल्सिङ सडक स्तरोन्नति | संघीय सरकार | १,५०,०००.०० |
| ७९ | ८०३२६५०१२०६ | च्यामनडाँडा निगाले खोरभन्जयाङ सडक निर्माण | संघीय सरकार | ५,००,०००.०० |
| ८० | ८०३२६५०१२०७ | सुकुम धाप्ले मिल्चे सडक मर्मत निर्माण योजना | संघीय सरकार | २,००,०००.०० |
| ८१ | ८०३२६५०१२०७ | छ्योदेल गुम्वा मर्मत योजना | संघीय सरकार | २,००,०००.०० |
| | | | | ६,८९,०२,७५५.२५ |
| अक्षरेपी : रुपैयाँ छ करोड उनान्नब्बे लाख दुइ हजार सात सय पचपन्न पैसा पच्चिस मात्र। | | | | |

## बेरूजु दफा ४९ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि नं | योजना | बजेट | योजनाको खर्च | तोकिएको योजनामा खर्च | ३ प्रतिशत कन्टिजेन्सी वापत पाउने खर्च | कन्टिजेन्सी खर्च | बढी कन्टिजेन्सी |
|---|---|---|---|---|---|---|---|
| ५ | सुकुमफेदी-पाकडोल-देउपाल-महाकाल-ताल्ढुंगासडक स्तरउन्नती खानीखोला ७ ६ र ५ | ४०००००० | ३९९९९९९.८३ | ३५०७९६२. | १२०००० | ४९२०३८ | ३७२०३८ |
| ६ | छ्याङछ्याङ खानेपानी आयोजना खानीखोला गा पा ७ काभ्रे | २५००००० | २४७९२५९. | १६७९१६५. | ७५००० | ८०००९४ | ७२५०९४ |
| ७ | ताल्ढुंगा-जोव्ला-जगथलीसडक स्तरउन्नती खानीखोला ५ र ४ | ४०००००० | ४००००००. | ३८२६९३९. | १२०००० | १७३०६१ | ५३०६१ |
| ८ | रियोतलगुम्बा भवन निर्माण डाँडा गाउँ खानीखोला ४ काभ्रे | २५००००० | २४६६३८५. | २३६४७९०. | ७५००० | १०१५९५ | २६५९५ |
| ९ | पलाञ्चोक मुहान-फलामेटार बृहतखानेपानी आयोजना खानीखोला- २ | १००००००० | ५८८४५२३.४३ | ५५७७००० | ३००००० | ३०७५२३ | ७५२३ |
| | जम्मा | २३०००००० | १८८३०१६७ | १६९५५८५६ | ६९०००० | १८७४३११ | ११८४३११ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।